का.जि.प्र.का.द.नं. १००/०५९/६०

□ वर्ष १९, अंक २३६

□ २४ असोज २०७८, आइतबार

□ 10 October 2021, Sunday

www.madhyanhadaily.com

पृष्ठ ८+८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

दशैं विशेष
थप ८ पृष्ठ

# मन्त्रिपरिषद् विस्तारप्रति चर्को आक्रोश

प्रधानन्यायाधीशलाई समेत कोटा दिएर मन्त्रिपरिषद्लाई पूर्णता दिइएपछि प्रधानमन्त्री र प्रधानन्यायाधीशप्रति चर्को आक्रोश देखिएको छ । तर, शीर्ष नेताहरुले भने यसको बचाउ गरेका छन् ।



उद्योगमन्त्री पदभार ग्रहणपछि गैरसांसद गजेन्द्रबहादुर हमाल ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २३ असोज ।

झण्डै तीन महिनापछि शुक्रबार प्रधानमन्त्री शेरबहादुर देउवाले मन्त्रिपरिषद् बिस्तार गर्दा प्रधानन्यायाधीशलाई पनि कोटा दिइएपछि चर्को आक्रोश देखिएको छ । सत्ता गठबन्धनका पाँच दल सहित प्रधानन्यायाधीशको कोटामा एक जना मन्त्रीलाई नियुक्त गरिएको भन्दै चर्को आक्रोश देखिएको हो । प्रधानमन्त्री देउवाले गैरसांसद गजेन्द्रबहादुर हमाललाई उद्योग मन्त्री नियुक्त गरेका थिए ।

हमाल प्रधानन्यायाधीशको कोटाबाट मन्त्री बनेको सत्तारुढ नेताहरुले समेत स्वीकारेपछि यसको चर्को आक्रोश देखिएको हो । हमाल प्रधानन्यायाधीश जोलेन्द्र शमशेर जबराको नाता समेत भएकाले आक्रोश देखिएको छ भने न्यायालयप्रतिको विश्वास जोगाउन आवश्यक कदम चाल्नुपर्ने लविङ चलिरहेको छ ।

शनिबार राजधानीमा आयोजित एक कार्यक्रममा कानून व्यवसायीहरुले भने प्रन्याले चित्तबुझ्दो जवाफ नदिए राजीनामा दिनुपर्ने माग राखेका छन् । पूर्व महान्यायाधिवक्ता मुक्ति प्रधानले प्रधानन्यायाधीशबारे प्रश्न उठेकाले चित्तबुझ्दो जवाफ दिइनुपर्ने माग राखे । "प्रधानन्यायाधीशले मात्रै नभएर प्रधानमन्त्रीले पनि प्रष्ट बाँकी पृष्ठ २ मा

# वैदेशिक रोजगारमा भएका विकृतिको अन्त्य हुन्छ : मन्त्री श्रेष्ठ

वैदेशिक रोजगार विशेष

**दमौली/रासस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले वैदेशिक रोजगारका सवालमा भइरहेका दलाली र विकृति अन्त्य गर्ने बताएका छन् । नेकपा (एकीकृत समाजवादी) तनहुँले दशैंका अवसरमा शनिबार दमौलीमा आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री श्रेष्ठले समाजवादोन्मुख राज्य प्रणाली स्थापनाका निम्ति नीति, कानून र मापदण्ड बनाउँदै श्रमिकले श्रमको मूल्य नपाउने अवस्थाको पूर्ण अन्त्य गरिने बताए ।

कोभिड महामारीका कारण करिब १५ लाखले रोजगारी गुमाएको बताउँदै मन्त्री श्रेष्ठले रोजगारी गुमाएकाको पुनःस्थापना अहिलेको चुनौती रहेको बताए । 'सबै क्षेत्रसँग समन्वय गरेर सकेसम्म देशभित्रै रोजगारका अवसर सिर्जना गर्ने र आत्मस्वाभिमानको साथ काम गर्ने वातावरणको निम्ति पहलकदमी लिनेछु,' मन्त्री श्रेष्ठले भने । औद्योगिक क्षेत्रमा श्रमिकमाथि हुने शोषणको अन्त्य गर्ने बताउँदै मन्त्री श्रेष्ठले औद्योगिक निकायसँग छलफल गरेर दीर्घकालीन समाधानको काम गर्ने बताए ।

कार्यक्रममा सहरी विकासमन्त्री रामकुमारी झाँक्रीले वर्तमान सरकारलाई सबै नागरिकको सरकार हो भन्ने प्रत्याभूत गराउने प्रतिबद्धता व्यक्त गरिन । मन्त्री झाँक्रीले पार्टीले आफूहरूलाई दिएको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्ने बताईन। भ्रष्टाचार, कुशासन, गैरजिम्मेवारीपनको प्रवृत्तिका विरुद्धमा विगतदेखि नै लड्दै आएको र आगामी दिनमा पनि सोहीविरुद्ध लड्ने मन्त्री झाँक्रीले उद्घोष गरिन् ।

मन्त्री झाँक्रीले समय धेरै नभएकाले जनअपेक्षाअनुसार काम गर्ने बताउँदै भनिन्, 'हामीसँग समय छैन भनेर बस्ने छुट छैन, समय छोटो छ तर केही न केही गरेरै छाड्छौं ।' मन्त्री झाँक्रीले न्यायोचित विकासको पक्षमा रहेर काम गर्ने बताउँदै भनिन्, 'गुल्मीले मन्त्री पायो भन्दैमा गुल्मीमा मात्रै विकास होइन, जुम्ला र हुम्लामा पनि विकास हुनुपर्छ, न्यायोचित विकासको पक्षमा म छु ।' मन्त्री झाक्रीले स्मार्ट सिटी मात्र नभई बस्न योग्य सहर बनाउनेतर्फ मन्त्रालयले ध्यान दिने बताइन् ।

कार्यक्रममा एकीकृत समाजवादीका पोलिटब्यूरो सदस्य प्रतापलाल श्रेष्ठ, केन्द्रीय सदस्य कलिला खान, रेखा थापा बस्याललगायतले तनहुँ जिल्लामा एकीकृत समाजवादीको सङ्गठन सुदृढीकरणमा ध्यान दिने बताए ।



# समृद्धिको चाड दशैं, महङ्गी, अस्वस्थ खानपान र समाज



**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं २३ असोज

चाडबाड भन्नासाथै सम्पदा जोडिएर आउँछ । हाम्रो संस्कार, संस्कृति, रहनसहन नै सम्पदामैत्री छ । सोहि सम्पदा मैत्री भित्रको सबैभन्दा ठूलो चाड हो दशैं । दशैंको सुरुवात भइसकेको छ । जताततै दशैंले छोइसकेको छ । प्रायः मानिसहरु अघिपछि जस्तोसुकै अवस्थामा बाँचेको भएपनि ठूलो चाडबाडमा अलि तडकभडक शैलीमा नै मनाउने गर्दछ । दशैंलाई नेपालको राष्ट्रिय चाडका रुपमा पनि मानिन्छ । यो हिन्दु धर्मावलम्वीहरुको प्रमुख चाड हो भने अन्य जातीका मानिसहरुले पनि उतिकै महत्वपूर्ण तरिकाले मनाउने गर्दछ । दशैं एउटा सद्भावको चाड पनि हो तर यो चाडलाई केवल हिन्दुहरुको चाडको रुपमा मनाइन्छ । दशैंका सबै पक्ष नराम्रा छन् भन्न पनि सकिँदैन धेरै राम्रा पक्षहरु पनि छन् । वर्षमा एक पटक सबैको टाढिएका दाजुभाइहरुको राम्रै जमघट हुन्छ । सद्भाव बाँडिन्छ । यसले भावनात्मक एकताको निम्ती महत्वपूर्ण भूमिका खेलेको छ । सामाजिक र पारिवारिक सम्बन्धमा एकता ल्याएको छ ।

सम्बन्धहरुमा नयाँ-नयाँ आयाम थपिरहेको छ । पुराना पिँढीहरुका जिवित हजुरबुबा, हजुरआमाको मुखारविन्दबाट विभिन्न किसिमका संस्कार, संस्कृति, मूल्य, मान्यताका अनुभवहरु सुन्न पाइन्छ । यी धारणाहरुले नयाँ पिँढीलाई शिक्षित बनाउने छ नै संस्कार र सँस्कृति कुनै पनि समाज र मानिसको परिचयको केन्द्रबिन्दु हो भन्ने कुरा पनि सिकाउँछ । संस्कृतिले मानविय स्वभाव, चिन्तन र समाज विकासमा प्रत्यक्ष प्रभाव पार्दछ । मानव विकासको विविध चरणबाट निर्मित अमन चयन, सद्भाव र सौहार्दता भित्रको विविध पक्ष नै संस्कृति हो । यो संस्कार र संस्कृतिलाई हामीले जोगाइ राख्न आवश्यक देखिन्छ । नेपालको राष्ट्रिय सँस्कृति भनेकै विभिन्न किसिमका चाडपर्व, भौतिक सम्पदाहरु, जातिगत जीवनशैली, जात्रा, उत्सव, मेला, भोज भतेर आदी हुन् । यी कुराहरु अवलम्बन गरी चाडपर्व, मानव समाज र संस्कृतिलाई सदा जीवित एवं क्रियाशिल तुल्याइरहने महत्वपूर्ण ऊर्जा भनेको सम्पदा र चाडपर्व हुन् ।

हाम्रा पुर्खाहरुले साँस्कृतिक जनजीवनलाई सरस र सुन्दर बनाउन प्रत्येक महिनामा वा समयको अन्तरालसँगै विभिन्न तीथि मितिसँग समन्वय कायम राखि मौलिख तरिकाले चाडवाड, व्रत, पर्व र परम्पराहरु सिर्जना गरी तीसँग सम्बन्धित धर्म, कर्म, आचारविचार, भोजन, मनोरञ्जन आदिका प्रक्रिया बनाए । जसले हरेक समाजका आफ्नै खाले पर्व र महत्वहरु निर्माण गरे । जुन अहिलेका पिँढी पुस्ताहरुले अवलम्वन गरिरहेका छन् । दशैं पर्व नेपालमा मात्र होइन्, नेपालीहरुको बसोबास रहेको विश्वको जुनकुनै स्थानमा पनि धुमधाम र हर्षउल्लासका साथ मनाइन्छ ।

हाम्रो नेपाली समाजमा पछिल्लो चरणमा आएर विजया दशमीको शुभकामना आदान-प्रदान गर्ने चलन पनि विकसित हुँदै गएको छ । अहिले विभिन्न संघसंस्था, पार्टी, प्रतिनिधिहरुको शुभकामना आदान-प्रदान चलिरहेको छ । यसले भातृत्व र सौहार्दतालाई पुनर्ताजगी गरिदिन्छ भने पारिवारिक मिलनका साथै आपसी सौहार्दता पनि कायम गरेको छ ।

### महङ्गीएको दशैं

पहिलेको पुस्ता भन्दा अहिलेका नयाँ पिँढीका अभिभावकहरुलाई दशैंको खर्च धान्न मुस्किल पर्न थालेको छ । पहिलेका मानिसहरु आफ्नो गच्छे अनुसारको जीवनशैली र खानपानमा रमाउँथे भने आजभोली गच्छे भन्दा बाहिर गएर चाडबाड मनाउने चलन बढ्दै गएको छ ।

जसले गर्दा विपन्न वर्गका सरल जीवनयापन गरिरहेका अभिभावकहरुलाई आफ्ना छोरा छोरीहरुको माग धान्न गाऱ्हो परिरहेको छ । पछिल्लो पुस्ताको आधुनिक जीवनशैलीमा हुर्किएका छोरा छोरीहरुको माग महङ्गो र थेग्न नसकिने हुनाले कतिपयका माग अधुरै रहेका हुन्छन् भने सम्पन्न कतिपय छोरा छोरीका मागहरु सजिलै परिपूर्ती पनि हुने गरेका छन् । विपन्न वर्गका अभिभावकहरुलाई चाडवाड मनाऔं भनेपनि ऋणमा पर्ने नमनाऔं भनेपनि रितितिथि, मुल्य मान्यता, संस्कार सँस्कृतिहरु नास हुँदै जाला भन्ने डरले पनि मानिसहरु संस्कार सँस्कृतिको जगेर्नाको निम्ती मनाउन बाध्य भएका छन् ।

### अस्वस्थ खानपान र जीवनशैली

अहिलेको परिवेशमा खानपान र जीवनशैली मिलाउन सकिएन भने बिरामी परिन्छ । शहर भन्दा ग्रामीण परिवेशको चाडबाड अलि आधुनिक देख्न थालिएको छ । खानपानमा अरुबेला भन्दा मासुको प्रयोग अत्याधिक गर्ने, मासु आफैंमा अत्याधिक बोसो हुने, त्यसमा पनि अत्याधिक मात्रामा तेलको प्रयोग गरी पकाइन्छ । साथसाथै रमाइलोको लागि जाँडरक्सीको सेवन गरिन्छ । गाउँघरको लोकल र शुद्ध कोदोको रक्सी छोडेर विदेशी भोड्का, रम प्रयोग गर्ने विभिन्न किसिमका पेयपदार्थहरु प्रयोग गर्ने र जिब्रोका लागि स्वादिलो र मिठो तर अस्वस्थकर खानाको प्रयोग बढी गरिन्छ । यस्तो खानपान शैलीले स्वस्थमा नराम्रो असर पुऱ्याइरहेको छ । मासु खाँदा स्वादका हिसाबले रोष्ट वा बारविक्यू गरी पकाउने चलन चर्चित छ । यो अघिपछि भन्दा दशैंमा मासु सहज हुने हुनाले जमघटसँगै विभिन्न पेय पदार्थका साथ खाने चलन छ । यसले मानिसहरुको जीवनशैलीमा जोखिम बढाइरहेको हुन्छ ।

चाडपर्वको समयमा जमघटको कारणले शरीरको लागि आवश्यकभन्दा अत्यधिक बढी मात्रामा खानेकुराहरु खाइन्छ । कहिले कसको अफरले कहिले कसको अफरले गर्दा ज्यादा खानेकुरा खाइन्छ भने पाचन प्रणालीलाई बाधा पुग्ने गरी खाइएका यस्ता खानेकुराले मानिसहरुको दिनचर्यामा भारी फेरबदल आउँछ । पाचनप्रणाली सम्बन्धी समस्या, अपच, पखालाको जोखिम बढ्दछ र शरिरमा शिथिलता उत्पन्न हुन्छ । खानपानमा बढी मात्रामा नून, तेल, चिसो पेयपदार्थ, जाँड, रक्सीको अत्याधिक सेवनसँगै चिनीको पनि बढी प्रयोग हुन्छ । जसले गर्दा रक्तचाप, मधुमेह, मुटु रोगका बिरामीहरुमा नकारात्मक असर पुऱ्याउँदछ । कार्बोनेटेड पेय पदार्थको प्रयोगले रक्तचाप, मधुमेह, ग्यासट्राइटिसको जटिलता बढाउँदछ ।

दशैंमा माछा-मासुको अत्याधिक सेवन गर्दा शरिरमा अम्लीयपना बढाउँदछ । माछा मासु भनेको रेसा नभएको खानेकुरा भएकोले दशैंमा बढी मात्रामा मासु खान हुन्न । मासुले कब्जीयतका बिरामीलाई झनै सताउने स्वास्थ्यकर्मीहरु बताउँछन् । लामो चाडपर्वमा बासी खानाको पनि प्रयोग बढ्छ । जहाँपायो त्यहाँ फ्रिजको व्यवस्था नहुन सक्छ । त्यस्तो हुँदा बासी, सडेका खानेकुराको उचित व्यवस्थापन भएन भने विभिन्न संक्रमणको जोखिम पनि बढ्न सक्छ ।

पछिल्लो समय हामी नेपालीहरु मोवाइल, ल्यापटप जस्ता ग्याजेटमा इन्टरनेटको माध्यामबाट विभिन्न किसिमका गेमहरु खेल्ने, सामाजिक सञ्जाल फेसबुक, इन्स्ट्राग्राम, टिकटक, म्यासेन्जर, यूट्युव आदी चलाउने गर्छौं । यसले मानिसहरुको जमघटलाई पातलो मात्र होइन नातागोता, आफन्तमाझ चिनजान र सामिप्यताको पनि खरेडि परेको छ ।

पहिले पहिले खाइवरी सबै आफ्ना आफन्त जम्मा भएर घुमफिर गर्ने, पिङ खेल्ने, भलिबल, फुटबलहरु खेल्ने छरछिमेकी भेट्ने दुःख सुख बाँड्ने चलन थियो । यसले आफ्ना आफन्तहरुको सामिप्यता बढाउनुका साथै मायाँ, सद्भाव पनि बढी देखिन्थ्यो । आफ्ना आफन्तहरु चिनजानको क्रमलाई पनि निरन्तरता दिइन्थ्यो । अहिले वल्लो घर र पल्लो घरका दाजुभाई पनि म्यासेन्जरमा कुराकानी गर्ने गर्छौं । यस्तो किसिमका व्यवहारले भविश्यका सन्ततीहरुलाई झन् एक्लो बनाएको छ ।


## Invitation for Bids

Government of Nepal(GoN)

**Sundarbazar Municipality**

**Contract Identification No: SUPPLY/SM/SQ/M&S/1/078/79**

Date of Publication: 10 October, 2021

| SN | Contract Identification No. | Description of Works | Estimated Amount NRs (With VAT) | Bid Security Amount NRs | Bid Document Cost NRs |
|---|---|---|---|---|---|
| 1 | SUPPLY/SM/SQ/M&S/1/078/79 | Procurement of Motorcycles and Scooter (Two Wheelers) | 8,80,000/- | 22,000/- | 1000/- |

1. For Details Please visit PPMO's Web Site www.bolpatra.gov.np./egp

Chief Administrative Officer



## उदयपुरगढी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
उदयपुरगढी, उदयपुर
१ नं. प्रदेश, नेपाल

**शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मितिः २०७८/०६/२४

यस कार्यालयले आव्हान गरेको शिलबन्दी दरभाउ पत्र नं. URM/IR/R/02–2078/79, ढुंगा, गिट्टी, बालुवाको स्थानीय तह निकासी शुल्क संकलन ठेका बन्दोबस्ती सम्बन्धि १५ दिने शिलबन्दी दरभाउपत्रको लागि मिति २०७८/०६/०४ गते राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित सूचना अनुसार रित पूर्वक म्याद भित्र www.bolpatra.gov.np.egp मा दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरुको मुल्यांकन गर्दा निम्न लिखित शिलबन्दी दरभाउपत्र अधिकतम मुल्यांकन भइ सारभूत रुपमा प्रभावग्राही भएकोले दरभाउपत्र स्वीकृतिको लागि छनौट गर्ने आशयको ७ दिने सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

तपशिल

| क्र.स. | ठेक्का नं./विवरण | दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल अंक ने. रु. (VAT सहित ) |
|---|---|---|---|
| १. | पौवा खोला वडा नं. ६, उत्खनन् क्षेत्र (दोभान वडा नं. ६ अयिमोलो बगर वडा नं. ८, बजार तलको बगर वडा नं. ६) बैजनाथ खोला वडा नं. ५, उत्खनन् क्षेत्र (जग्रोटार जाने छेउको बगर वडा नं. ६, गढी गा.पा. पुछारबगर वाडा नं. ६, खड्कुलो बगर बैजनाथ खोला वडा नं. ६, वाके दह बैजनाथ खोला वडा नं. ६, मौवासी घाट वडा नं. ६, मौवासी बगर २ वडा नं. ६, माटेदोभान बैजनाथ खोला वडा नं. ५, बेलबोटे बगर वडा नं. ५, ८, बैजनाथ खोला बगर ठाडो खोला देखि मुल कुलो बीच वडा नं. ५, ८) | Sambridhi/Anamol JV, Udayapurgadhi-06, Udayapur | १३,१६,६२७.८१/- |

प्रमुख प्रशासकीय अधिकृत


# डिप्रोक्स लघुवित्तको साधारणसभा सम्पन्न




**काठमाडौं/मस–** डिप्रोक्स लघुवित्त वित्तीय संस्थाको २० औं वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ । साधारणसभाले सञ्चालक समितिले प्रस्ताव गरेको लाभांश स्वीकृत गरेको छ ।

सञ्चालक समितिले आर्थिक वर्ष २०७७/७८को नाफाबाट २० प्रतिशत बोनस शेयर र १.०५३ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव गरेको थियो । बोनस शेयर स्वीकृत भएपछि लघुवित्तको चुक्तापूँजी १ अर्ब ३८ करोड ७४ लाख पुगेको छ ।

साधारणसभाले सञ्चालक समितिका अध्यक्ष दिपक खनालले पेश गरेको गत आर्थिक वर्षको वित्तीय प्रतिवेदनलाई पनि स्वीकृत गरेको छ ।

यसैगरी साधारणसभाले साधारण शेयरधनीहरुबाट सञ्चालकको निर्वाचन समेत गरेको छ । सञ्चालक समितिमा रीता पौडेल, रमेशकुमार रघुबंशी र बासुप्रसाद उपाध्याय निर्विरोध चयन भएका छन् ।


**काठ लिलाम बिक्री सम्बन्धी २१ दिने सूचना**

प्रथम पटक प्रकाशित मिति २०७८/६/२४

यस सा.व.स. बाट संकलित साल गोलिया काठ १२३७.१७ क्युफिट र दाउरा २ चट्टा विक्री गर्नुपरेकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि यस समूहमा सम्पर्क राख्न सकिनेछ

सोलीघोप्टे सामुदायिक वन उपभोक्ता समूह, देवघाट ५, तनहुँ



Local Government

## Gangajamuna Rural Municipality
### Office of the Rural Municipal Executive

Phulkharka, Dhading

Bagmati Provience, Nepal

**Intention to Award**

Date of Publication: 2078/06/24

Pursuant to Clause 27(2) of Public Procurement Act 2063 and ITB 39.1 of bidding document, this is to notify all that the following minimum evaluated substantially responsive bidders have been selected to award the following contracts as per the Invitation for Bids Published on www.bolpatra.gov.np/egp andPrabhawaNational Daily dated 2078/05/13.

| SN | Contract No | Name of Work | Name and Address of Bidder | Bid Price(including VAT and PS) |
|---|---|---|---|---|
| 1 | GRM/ DHADING/02/078-79 | Kaijale Lift Khanepani Yojana Ward 5, Gangajamuna Ga.Pa | M/S Jwalamukhi Construction, Neelkantha-03,Dhading | Nrs.1,13,65,862.2 |
| 2 | GRM/ DHADING/03/078-79 | Bhanja Ratmate Satdobato Sadak Estarunnati | M/S Shaurya Jyoti Construction, Tarkeshwoer, Kathmandu | Nrs.65,56,852.36 |
| 3 | GRM/ DHADING/04/078-79 | Gargare Sukabhanjyang Phulkharka Gumdi Sadak | Rochan and Chetana Construction Pvt.Ltd, Balaju-16,Kathmandu | Nrs.42,92,549.89 |

Acting Chief Administrative Officer

## सम्पादकीय

# विश्वसनीयता जोगाऔं

नेपाली काँग्रेसका सभापति शेरवहादुर देउवा प्रधानमन्त्री बनेको ८८ दिनपछि शुक्रबार मन्त्रिपरिषद्ले पूर्णता पाएको छ । प्रधानमन्त्री देउवाले संसद् जोगाउने र शक्ति सन्तुलन मिलाउन नसक्दा मन्त्रिपरिषद्लाई पूर्णता दिन सकेका थिएनन् । तर १९ असोजमा सत्ता गठबन्धनका पाँच दलबीच मन्त्रालयमा भागबण्डा मिलेपछि शुक्रबार मन्त्रिपरिषद्ले पूर्णता पाएको छ । तर सत्ता भागबण्डामा प्रधानन्यायाधीश चोलेन्द्र शमशर राणाले पनि कोटा पाएका छन् । प्रधानन्यायाधीशको कोटाबाट गैरसांसद गजेन्द्रबहादुर हमाल उद्योग मन्त्री नियुक्त भए । हमाल प्रन्या राणाका जेठान हुन् । प्रधानमन्त्री देउवाले हमाल काँग्रेसकै कोटाबाट मन्त्री बनेको बताएका छन् भने सत्ता साझेदार दलका शीर्ष नेताहरूले पनि बचाउ गरेका छन् । तर घटनाक्रम र दृष्यहरूले पनि हमाल काँग्रेसकै कोटाबाट मन्त्री बनेको पुष्टि हुन्न ।

किनकि हमाललाई काँग्रेस कोटाबाट ६ महिने मन्त्री बनाउनुपर्ने आवश्यकता र औचित्य पुष्टि हुन्न । फेरि १४औं महाधिवेशनको प्रक्रियामा रहेको काँग्रेसभित्र शक्ति सन्तुलन मिलाउन प्रधानमन्त्री देउवालाई सजिलो थिएन । अझ पाँच दलीय गठबन्धनमा भागबण्डा सजिलो थिएन । यस्तो बेला गैरसांसद हमाल मन्त्री बन्नुको अर्थ प्रधानन्यायाधीशकै कोटा रहेको बुझ्न गाह्रो पर्दैन । यसअघि गएको वर्ष मंसिरमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीसँग पनि प्रन्या राणाले भागबण्डा लिएका थिए । संवैधानिक निकायको नियुक्तमा प्रन्या राणाले भागबण्डा लिएका थिए । त्यसविरूद्ध परेको रिट अहिले पनि सर्वोच्च अदालतमा विचाराधीन छ । अतः प्रन्या न्यायाधीशले कोटा लिएर हमाललाई मन्त्री नियुक्त गरिएको तर्क थप बलशाली देखिन्छ । जुन संविधानवादको सिद्धान्त र राज्य शक्ति सन्तुलनको प्रणाली बिपरीतका कुरा हुन् ।

तर ढिलै भएपनि मन्त्रिपरिषद्ले पूर्णता पाउनुथोरै आशाको कुरा हो । प्रन्या राणाको कोटाबारे संसद् र न्यायालयभित्र पनि प्रश्न उठ्न जरूरी छ । यसबारे थप छलफल गरी न्यायालयको विश्वानीयता जोगाउन जरूरी छ । तर सरकारको ध्यान भने अब जनजिविकालाई सहज बनाउन केन्द्रीत हुनुपर्छ । त्यसले मात्रै लोकतान्त्रिक शासन प्रणालीप्रति जनतामा देखिएको वितृष्णा घटाउन सक्छ । प्रधानमन्त्री देउवा र मन्त्रीहरूले प्रभावकारी कामलाई अब तीव्रता दिन जरूरी छ । मूख्यगरी कोरोना महामारीबाट सिर्जित मानवीय समस्या हल गर्दै मुलुकलाई सामान्यकालतिर फर्काउनेमा जोड दिन जरूरी छ ।

## सामाजिक सञ्जाल



ढिलै भएपनि गठबन्धन सरकारले पूर्णँता प्राप्त गरेकोमा सबै मन्त्रीहरूलाई हार्दिक बधाई तथा सफलताको शुभकामना ! यो सरकार सामान्य अवस्थामा बनेको सरकार नभएर ओली प्रतिगमनलाई परास्त गरेर बनेको विशिष्ठ सरकार भएकाले यसलाई पुरानै गल्ती दोहोर्‍याउने छुट छैन भन्ने याद रहोस् ।

- डा. बाबुराम भट्टराई




हामी इतिहासबाट शिक्षा नलिन अभिशप्त नै हो ? लोकतन्त्रमा शासकले निर्णय लिँदा वैधानिकताको कसीमा घोटेर मात्र पुग्दैन । त्यस्तो निर्णयको प्रतिरक्षा गर्न र जनताबाट अनुमोदित हुन सके मात्र त्यसले वैधता पाउँछ । नत्र कानूनका छिद्रबाट छिराइएको निर्णयले अनन्तकालसम्म लखेट्छ भन्ने खै हेक्का राखेको ?

- गगन थापा



जिज्ञासा, मन्त्री मण्डल पुर्णँताको मात्रै थिएन, यहाँ गरिएका बाचा एवं नागरिकका चाहना भावनाले पनि पुर्णँता पाउला कि नपाउला भन्नेमा हो । तर जुन जोगी आए पनि कानै चिरेका भन्ने कथनसँग मेल खाइरहेको हाम्रो परिवेशमा घुमि फिरि रूम्जाटार, रूम्जाटार पुगेपछि घोडा चढ्ने चरित्रको अन्त्यको आश कसरी गरौं ?

- चन्द्र श्रेष्ठ



केपी ओलीले संसद विघटन गर्दा संविधान र लोकतन्त्रको व्याख्या गर्नेहरूले आज संसद पुनःस्थापना गरेबापत अदालतको कोटाबाट चोलेन्द्रको जेठान मन्त्री हुँदा र न्यायपालिकाले कार्यपालिकामा भाग खोज्दा ति संविधान विद,डलरे समाज तथा के जाते पुर्व ...भनौदा हरू जिंउदै छन कि आत्महत्या गरे ?

- पार्वती लामा



र वरिष्ठ संचारकर्मीहरूले प्रयोग गर्ने भारि भरकम अगडम बगडम भाष्य केही बुझिदैन थियो। नबुझएरै डर पनि लाग्थ्यो र अहिले यो अलिअलि बुझ्न थालियो, आफू अनुकुल भए, स्वार्थ मिले, भाग पाए सबै ठिक, राम्रो, दुरूस्त प्रतिकुल भए कोलाहल, होहल्ला, नाराबाजी, प्रतिरोध, हडताल, आन्दोलन गर्ने रहेछ ।

- निर्मल दाहाल

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

# परदेशको दशैं !

*विदेशका सहरमा पनि दशैंको दिन त आउँदछ तर, दशैं आउँदैन । विधि पुर्‍याउनको लागि चामलको अक्षता र जमरा लगाएको फोटो फेसबुकमा पोस्ट गर्न त सकिएला तर, मनलाई दशैं आउँदैन । अहँ, मनलाई कहिल्यै दशैं आउँदैन ।*



● जनक बराल, पोर्चुगल

केही दिन अगाडि लिसबनमा एक जना नेपाली बहिनीसँग भेट भयो । सामान्य कुराकानीपश्चात ती बहिनीले भनिन्, "दाई तपाईंलाई फोन गर्छु भन्ने सोँच्दै थिए, प्रत्यक्ष भेट भयो, यो परदेशमा मेरा आफन्त, अनि मनले खाने साथीभाई कोही छैनन्, दशैं जस्तो चाड कसरी एक्लै मनाउनु, म दशैं मनाउन तपाईंको घरमा आउँछु है ।" मैले सहजताका साथ हुन्छ भनिदिए ।

एक जना डेनमार्कमा बस्ने नेपाली चेलिका बुवा आमा दशैंको अवसरमा उहाँहरुलाई भेट्न भनेर आउनु भएको रहेछ । उहाँहरुले नेपालबाट आउँदा खेरि नै जमरा जमाउन चाहिने जौ, मकैलगायतका सामान धेरै जनालाई पुग्ने गरी लिएर आउनु भएको रहेछ । ती चेलीले फेसबुक ग्रुपमा पोस्टमार्फत जमरा राख्न चाहने हर कोहीले निःशुल्क रुपमा ती सामान लिन सक्ने भनेर विज्ञापन गर्नु भएको छ । यी अनि यस्तै घटनाले पनि महसुस हुँदै छ, नेपालीहरुको महान चाड दशैं अब सम्मुख छ ।

करिब ४० हजारको आसपास नेपाली बसोबास गर्ने देश पोर्चुगलमा पनि बिस्तारै दशैं प्रवेश गरेको आभाष हुँदै छ । प्रवासमा दशैं त्यतिबेला महसुस हुँदो रहेछ जब आफुँ जस्तै नेपाली साथीभाई दशैं मनाउन अनि परिवार भेटघाट गर्ने उत्साह बोकेर मुलुक फर्किने तयारी गर्दछन् । आफुँ जान नपाए पनि साथीभाई स्वदेश फिर्न लागेको देख्दा मन चङ्गा हुँदो रहेछ । जब साथीभाई अन्तिम तयारीमा लाग्दछन् अनि सोध्ने गर्छन्, "घरमा केही सामान पठाउनु छ भने भन है, धेरै त सक्दिन केही सानो सम्झना लगिदिउँला ।" त्यो सुन्दा खेरि आफ्नो मन त्यो साथी उडेर जाने हवाई जहाज नउड्दै पहिल्यै उडेर घर पुग्दछ ।

युरोपमा बेलायत पछाडि धेरै नेपाली बसोबास गर्ने देश हो पोर्चुगल । यकिन तथ्यांक नभए पनि करिब चालिस हजार आसपास नेपाली समुदाय रहेको अनुमान गर्ने गरिन्छ भने यो आँकडा आउँदा वर्षमा धेरै बढ्ने देखिन्छ । विदेश जाने, धेरै धन कमाउने अनि मिल्यो भने उतैको नागरिकता लिएर सुखी जिन्दगी जिउने आशा बोकेर धेरै नेपालीहरु विदेश पलायन हुने गर्दछन् । ती अनि त्यस्तै सपनाहरुलाई सार्थक रुप दिन सघाउने एउटा साझा चौतारी हो पोर्चुगल ।

सन् २०१७ को मध्येबाट पोर्चुगलले आप्रवासी कामदारहरुलाई काम र कागजको लागि सहज बनाइदिए पछि दक्षिण एसियाली मुलुक र अफ्रिकालगायत धेरै मुलुकका व्यक्तिहरुका लागि पोर्चुगल आकर्षक गन्तव्य बनेको छ । कोरोना कहर अघिसम्म पोर्चुगलमा कागजी प्रक्रिया धेरै सहज र द्रुत थियो । त्यसकारण पनि धेरै नेपालीहरु कानूनी र गैरकानूनी बाटो हुँदै पोर्चुगल प्रवेश गर्न थाले र एकैपटकमा ठुलो संख्यामा पोर्चुगल आउन सफल भए ।

जब सन् २०२० को मार्च महिनाबाट संसारभर कोरोनो भाईरस तिब्र गतिमा फैलिन थाल्यो, त्यसबाट पोर्चुगल पनि अछुतो रहन सकेन । होटेल रेष्टुरेन्टलगायत पर्यटन व्यवसाय सबै ठप्प प्रायः बन्न पुगे भने सरकारीलगायत अन्य कार्यालय पनि बन्द हुन पुगे । करिब एक वर्ष त्रासकै बिचमा बित्यो । पुराना धेरैले रोजगारी गुमाए भने जो नयाँ आएका थिए तिनले रोजगारी पाउनु त परको कुरा बाँच्न पनि गार्हो हुन थाल्यो । लिसबनलगायतका शहरमा रेष्टुरेन्टमा काम गरिरहेका धेरै जना बेरोजगार हुनुभन्दा खेतीमा काम गर्न जान थाले । पहिला लिसबनमा कोठा भाडामा पाउन असम्भव जस्तै थियो । धेरै नेपालीहरुले घर भाडामा लिएर अरु साथीभाइहरुसँग बाँडेर बस्ने गर्दथे । जब सबै गाउँ तर्फ लाग्न थाले लिसबनमा एकैपटक सयौं कोठा खाली भए, जो नेपालीहरुले आफ्नो नाममा घर लिएका थिए उनीहरुलाई कोरोना भाईरसले ठुलो धक्का दियो ।

पोर्चुगलमा छिर्न धेरै सजिलो, सहज कानूनी प्रक्रिया, थोरै मुल्यमा पनि सानो तिनो व्यवसाय सुरु गर्न सकिने अनि अन्त काम गर्नुभन्दा आफैंले केही गर्न सकेमा आम्दानी पनि राम्रै हुने हुनाले सयौं नेपालीहरुले सामान्य किराना पसलदेखि लिएर ठुला रेष्टुरेन्ट व्यवसाय पनि सन्चालन गरिरहेका छन् । जसले पर्यटक केन्द्रित व्यवसाय गरेका थिए, कोरोनाका कारण केही त झन्डै व्यवसायबाटै पलायन हुने अवस्थामा समेत पुगे ।

जो कोरोना कहर आसपास पोर्चुगल सुन्दर सपना बोकेर छिरे उनीहरुलाई कोरोनाका कारणले 'पहिलो गाँसमै ढुङ्गा' लागे जस्तो भएको छ । न काम, न कमाई, नयाँ देश, नयाँ ठाउँ, न कागज बन्ने प्रक्रियाको सुरुवात न घर बाहिर निस्केर हिँड्न् पाउनु । नयाँ देशमा आउन बित्तिकै लकडाउनले नजर बन्दमै पारिदियो । सामान्य अवस्थामा १५ महिनामा बन्ने अस्थायी बसोबास अनुमती-पत्र बन्न कमसेकम २



> पोर्चुगलमा छिर्न धेरै सजिलो, सहज कानूनी प्रक्रिया, थोरै मुल्यमा पनि सानो तिनो व्यवसाय सुरु गर्न सकिने अनि अन्त काम गर्नुभन्दा आफैंले केही गर्न सकेमा आम्दानी पनि राम्रै हुने हुनाले सयौं नेपालीहरुले सामान्य किराना पसलदेखि लिएर ठुला रेष्टुरेन्ट व्यवसाय पनि सन्चालन गरिरहेका छन् । जसले पर्यटक केन्द्रित व्यवसाय गरेका थिए, कोरोनाका कारण केही त झन्डै व्यवसायबाटै पलायन हुने अवस्थामा समेत पुगे ।

वर्ष लाग्ने र त्यो पनि कहिले बन्ने कुनै टुङ्गो नहुँदा धेरै जना अन्योलमा परेका छन् । सुरुका अवस्थामा केही संघसस्थाले चन्दा उठाएर राहत पनि दिएका थिए तर, सधैं त्यो सम्भव हुने कुरा पनि भएन । विदेश पैसा कमाउन आएका व्यक्तिले उल्टो घर परिवारसँग पैसा मगाएर बाँच्नु पर्ने पीडादायक स्थिति आईपर्न गयो ।

यतिबेला हजारौं जनाको पारिवारिक पुनर्मिलन प्रक्रिया एक वर्षदेखि नयाँ दिल्लीस्थित पोर्तुगिस एम्बेसीमा अड्किएको अवस्थामा छ । कहिले नेपालमा लकडाउन, कहिले भारतमा लकडाउनले गर्दा दुई महिनामा हुने काम अठार महिनादेखि अड्किरहेका छन् । यो अबधिमा केही यस्ता दुःखद घटना घटेकी नयाँ दिल्ली स्थित एम्बेसीबाट परिवारको भिसा लाग्यो । लकडाउनले गर्दा परिवार पोर्चुगल आउन पाएनन्, भिसाको समय अवधी सकियो भने यता सम्बन्धित व्यक्तिको अप्रत्यासित निधन भयो । केहीले पोर्चुगलमै आत्महत्या गरे । केहीले विभिन्न रोगका कारण अकालमा मृत्युवरण गर्न पुगे भने केही सोंचेभन्दा फरक परिस्थिती बनेका कारण डिप्रेसनको सिकारसमेत हुन पुगे ।

जहाँ नेपाली पुगेका छन् त्यहाँ नेपाली समुदायकै बिचमा जुङ्गाको लडाईं हुनु सामान्य कुरा नै हो तर पनि यो कोरोना कहरमा पोर्चुगलमा रहेका नेपाली समुदायबिच सधैं खिचातानी र गाइजात्रा भने चलिरह्यो । कोही पोर्चुगलमा कमाई नभएर, खान लाउन नपाएर बिचल्ली परियो भन्दै मुलधारका मिडियामा रुँदै आए भने धेरै जनाले विभिन्न कारणबश ज्यानसमेत गुमाउन पुगे । कहिले विदेशमा रगत पसिना बगाएर कमाएको पैसा नेपाल पठाउँदा ठगिएका नेपाली हुन वा ट्राभल एजेन्सीले नक्कली टिकेट बेचेर एयरपोर्टमा बिचल्ली परेका नेपाली हुन, एन.आर.एन.को चुनावमा धाँदली भएको भनेर समानान्तर कमिटी गठन गरेर होस् वा सार्वजनिक ठाउँमा दुई नेपाली समूह लडाईं गरेर होस्, पोर्चुगलको नेपाली समुदाय सदैब चर्चा र विवादको घेरामा आइरहन्छ ।

पोर्चुगलमा अहिले ८० प्रतिशत बढी जनसंख्याले कोरोना भाईरसको दोस्रो डोजको खोप पनि लगाइसके पछि अहिले स्थिति सुधारोन्मुख देखिएको छ । बिस्तारै बजार खुल्ने, बन्द व्यवसाय होटेल रेष्टुरेन्टहरु खुलेर कोरोनाले सिथिल गराएको सहर बिस्तारै पुरानै लयमा फर्कन्छ कि भन्ने केही आशाका किरणहरु देखिन थालेका छन् । नयाँ मान्छेहरुलाई पनि बिस्तारै नयाँ रोजगारीका अवसरहरु सिर्जना हुँदै छन् ।

धेरै लामो समयदेखि अड्किएका पारिवारिक पुनर्मिलनका भिसाहरु पनि सुरु भएका छन् । लामो समयदेखि अन्योलमा रहेको आप्रवासीसम्बन्धी निकायले गर्ने कामहरु पुन द्रुत गतिमा सुरु हुन लागेका छन् । अघिल्लो वर्षको दशैं सुखद नरहे पनि यो वर्षको दशैं केही आशाका किरणहरु लिएर झुल्किदै गरेको अनुभुती हुँदै छ ।

स्वदेशमा दशैंको जुन रौनक र माहोल हुन्छ विदेशमा त्यो कत्ति पनि हुँदो रहेनछ । नेपालमा दशैंको बेलाको घाम नै बेग्लै हुन्छ, मौसम नै बेग्लै हुन्छ, दशैंको दिन नै बेग्लै हुन्छ, मन नै बेग्लै हुन्छ र पो दशैं दशैं लाग्दो रहेछ । विदेशमा जब चाड पर्व आउँदछन् मन खल्लो हुन्छ, कता-कता शुन्य अनि नरमाइलो महसुस भएर आउने गर्दछ । नेपालमा बस्नेलाई विदेशको जिन्दगी रमाइलो लाग्नु स्वभाविक हो । होला नेपालमा भन्दा कमाइ र भौतिक सुख सुविधा धेरै गुणा बढी होलान् तर, पनि आफुँ जन्मे हुर्केको परिवेश, आफुलाई जन्मदिने माता-पिता र आफ्नो देशको अभाव दिनमै सयौं पटक खड्किदो रहेछ । जीवनमा जति कमाय पनि जति भौतिक उन्नति प्रगति गरे पनि जब आफ्नोपन र आफ्ना वरिपरि हुँदैनन् सबथोक अधुरो अपुरो अनि फिक्का लाग्दो रहेछ ।

लाग्दछ अब दशैं गाउँ घरमा भित्रि सक्यो होला । दशैं आउनु पूर्वको माहोलनै यती रमाइलो लाग्छ कि मन त्यसै प्रफुल्ल हुन पुग्दछ । घर-घरमा रातो माटो र कमेरोले रंग्याउने काम सुरु भयो होला, टोल सरसफाईदेखि लिएर लिङ्गे पिङ हाल्ने तयारी हुँदै होलान् । वर्षौ पछि विदेशबाट दशैं मनाउन स्वदेश फर्किएका परदेशिका परिवारमा खुसीको सीमा छैन होला ।

गाउँ छाडेर शहर झरेका र बिभिन्न कारणले अन्यत्र गएकाहरु एकै साथ घर फर्किदाको त्यो रमाइलो विदेशमा बसेर केबल महसुस मात्रै गर्न सकिएला भोग्न पाइँदैन । विदेशका सहरमा पनि दशैंको दिन त आउँदछ तर, दशैं आउँदैन । विधि पुर्‍याउनको लागि चामलको अक्षता र जमरा लगाएको फोटो फेसबुकमा पोस्ट गर्न त सकिएला तर, मनलाई दशैं आउँदैन । अहँ, मनलाई कहिल्यै दशैं आउँदैन । बिरानो देश, अन्जान सहर अनि फरक भाषा अनि संस्कृति । न देश मिल्दो, न रहनसहन, न संस्कार, न संस्कृति अनि कसरी आओस् दशैं, कसरी छाओस् नेपाली पन, कसरी खुसी होस् भित्रैदेखि मन ?

परदेशमै भए पनि जो जहाँ छौं, जसरी छौं, जति छौं, सबै मिलेर दशैं मनाऔं । आपसमा सुख दुःख साटौं । हाम्रो मौलिक संस्कृतिको रक्षा गर्दै प्रवासमा जन्मेका हाम्रो दोस्रो पुस्तालाई पनि हाम्रो संस्कार र चाडपर्वसँग परिचित गराँउदै हर्षोल्लासका साथ दशैं मनाउँ । कोरोना कहरलाई विस्तारै बिर्सदै फेरि नयाँ यात्रा तर्फ लम्किन सकौं । सबैलाई आउँदै गरेको विजया दशमीको हार्दिक मंगलमय शुभकामना !

# भागवण्डामा सत्ता

*परमादेशबाट सिर्जना भएको सत्ता र सत्तामा सञ्चालनमा देखिएको छिद्रले अहिले धेरै प्रश्नहरु उब्जाएका छन् । सत्तामा आशिन पार्टीहरुकै अस्तित्वमाथि प्रश्न उठिरहेका बेला न्यायालय बलियो बनेको देखिन्छ । अहिले सत्ता गठबन्धनको एउटा दलमात्रै होइन् सबै दलमाथि कानूनी प्रश्नहरु तेर्सिएका छन् ।*



● शम्भूप्रसाद पनेरू

शक्ति पृथकीकरणको सिद्धान्तमा कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको आ-आफ्नै भूमिका र महत्व हुन्छ । तीनै निकायले आ-आफ्नो भूमिका सहि ढंगले सञ्चालन गर्दा नै राज्य सञ्चालन सहि बाटोमा हिँड्छ । तर, एउटा शक्ति केन्द्रले अर्को शक्ति केन्द्रमाथि हस्तक्षेप गरेर आफ्नो भूमिका विस्तार गर्न खोज्नु गलत हो । जसबाट अराजकता निम्तिने बाहेक अर्को अवस्था सिर्जना हुँदैन । पछिल्लो समय कहिले कार्यपालिकाबाट त कहिले न्यायपालिकाबाट एक अर्को निकायमाथि हस्तक्षेप भएजस्तो देखिएको छ । जसले कता-कता सन्तुलन होइन् योजनाबद्ध अराजकता निम्त्याईरहेको छ ।

संविधानमै नभएको व्यवस्थाको व्याख्या गरेर तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले ०७७ पुस ५ मा संसद विघटन गरे । जुन व्यवस्थामाथि गरिएको बलमिँचाई र मनोमानी थियो । ओलीको त्यो बलमिँचाईलाई सर्वोच्च अदालतको संवैधानिक इजलासले ०७७ फागुन ११ मा बदर गर्दै पुनः शक्ति सन्तुलनको नियमलाई स्थापित गराएको थियो । तथापी छिद्रा खोजी-खोजी व्यवस्थामाथि लाती हान्ने बानी परेका ओलीले पुनः ०७८ जेठ ८ मा दोस्रो पटक संसद विघटन गरिदिए । उनले तत्कालिन समय संविधानका धाराहरु एक पछि अर्को गर्दै मिच्दै संसद विघटनको निर्णय गराएका थिए ।

ओलीले बलमिँचाईपूर्वक एकपछि अर्को गर्दै गरेको कदमलाई सर्वोच्च अदालतले पुनः असार २८ मा बदर गरिदिएको थियो । अदालतले ओलीको कदमलाई मात्रै बदर गरेको थिएन, परमादेशमार्फत संवैधानिक दायराभन्दा बाहिर गएका ओलीलाई नै विस्थापित गराएको थियो । अदालतले संविधानको धारा ७६ को उपधारा ५ बमोजिम गठबन्धनको तर्फबाट प्रधानमन्त्रीका उम्मेदवार शेरबहादुर देउवालाई नियुक्त गर्ने आदेश पनि गरेको थियो । तर, देउवालाई प्रधानमन्त्रीमा नियुक्त गर्ने आदेशसँगै भने अदालतले क्रमबद्ध रुपमा सत्तामा सिधा-सिधा बारगेनिङ्ग गरेको देखिन्छ ।

> अहिले सभामुखदेखि प्रत्येक दलमाथि विभिन्न आधार देखाएर अदालतमा मुद्दा दर्ता गरिएका छन् । दायर मुद्दालाई छिनोफानो गर्न तिर होइन् मुद्दालाई तर्साउने र बारगेनिङ्ग गर्ने विषयका रुपमा अगाडि सारिएको देखिन्छ ।

ओलीले पहिलो पटक संसद विघटन गर्नुपूर्व योजनाबद्ध रुपमा ल्याएको संवैधानिक परिषद्सम्बन्धी अध्यादेश र सोअनुसार संवैधानिक निकायमा गरिएका नियुक्तिका विषयदेखि अदालतले आफ्नो भूमिका बिर्सेको छ । तत्कालिन समय संवैधानिक निकायमा गरिएको नियुक्तिमा भएको भागवण्डामा अदालतको प्रत्यक्ष सहभागिता देखिन्छ । जसको कारण पनि हालसम्म उक्त नियुक्तिविरुद्ध परेका मुद्दामाथि सुनुवाई हुन सकेको छैन् ।

परमादेशबाट सिर्जना भएको सत्ता र सत्तामा देखिएको छिद्रले अहिले धेरै प्रश्नहरु उब्जाएका छन् । सत्तामा आशिन पार्टीहरुकै अस्तित्वमाथि प्रश्न उठिरहेका बेला न्यायालय बलियो बनेको देखिन्छ । अहिले सत्ता गठबन्धनको एउटा दलमात्रै होइन् सबै दलमाथि कानूनी प्रश्नहरु तेर्सिएका छन् । कुनै पार्टीको गठनकै विषयमा कानूनी प्रश्न उठेका छन् भने कुनै पार्टीको सञ्चालन नै कानूनी विपरित भएको भन्ने तर्क छ । जसको आधारमा न्यायालयको भूमिका अस्वभाविक देखिनु अन्यथा होइन् ।

असार २९ मा प्रधानमन्त्रीमा नियुक्त भएका देउवालाई मन्त्रिपरिषद्लाई पूर्णता दिन झण्डै तीन महिना लाग्यो । मन्त्रिपरिषद्लाई पूर्णता दिन किन तीन महिना लाग्यो ? त्यतातिर धेरैको ध्यान गएको देखिन्न । तर, मन्त्रिपरिषद् विस्तारप्रति भने अहिले निकै गम्भीर रुपमा प्रश्न उठाइएको छ । पंक्तिकार अहिले उठाइएको प्रश्नभन्दा अहिलेसम्म नउठाइएको प्रश्नप्रति ध्यान दिन आग्रह गर्दछ । परमादेशसँगै हालसम्म देखिएका बारगेनिङ्गका घटनालाई नियाल्न आग्रह गर्दछ ।

संवैधानिक निकायका नियुक्तीका विषयमाथि प्रश्न उठाउँदै दायर गरिएका मुद्दा र त्यसपश्चात एक पछि अर्को गर्दै अदालतमा दर्ता भएका मुद्दाप्रति ध्यान दिन आग्रह गर्दछ । अहिले सभामुखदेखि प्रत्येक दलमाथि विभिन्न आधार देखाएर अदालतमा मुद्दा दर्ता गरिएका छन् । दायर मुद्दालाई छिनोफानो गर्न तिर होइन् मुद्दालाई तर्साउने र बारगेनिङ्ग गर्ने विषयका रुपमा अगाडि सारिएको देखिन्छ । जसले सत्तामा गजेन्द्र हमाल मात्रै होइन् अन्यलाई पनि क्रमिक रुपमा स्थापित गर्दै लैजान खोजेको प्रष्ट हुन्छ । गजेन्द्र हमाल आजको अराजकताका एक प्रतिनिधि पात्र मात्रै हुन् ।

# अमेरिका र चीनका प्रमुख व्यापार प्रतिनिधिबीच वार्ता



**काठमाडौं/एजेन्सी–** अमेरिकी व्यापार प्रतिनिधि क्याथरिन ताई र चिनियाँ उपप्रधानमन्त्री लिउ हेबीच वासिङ्टनले आफूमाथि अन्याय मानेका चिनियाँ व्यावसायिक अभ्यासबारे छलफल गरेका छन् । अमेरिकी पूर्व राष्ट्रपति डोनाल्ड ट्रम्पको नेतृत्वमा सम्बन्ध बिग्रिएपछि विश्वका दुई ठूला अर्थतन्त्रका मुख्य व्यापार प्रतिनिधिबीच भएको यो दोस्रो परामर्श हो । यी दुई अधिकारीबीच यस पहिले गत मेमा पनि दुई देशबीचको व्यापार सम्बन्धबारे छलफल भएको थियो ।

अमेरिकी व्यापार प्रतिनिधिले शुक्रबार जारी वक्तव्यमा भनिएको छ, 'उनीहरूबीचको सोहार्द्र आदानप्रदानका क्रममा राजदूत ताई र उपप्रधानमन्त्री लिउले द्विपक्षीय व्यापार सम्बन्धको महत्व र यसले संयुक्त राज्य अमेरिका र चीनलाई मात्र नभई विश्व अर्थतन्त्रमा समेत पारेको प्रभावलाई मनन गरेका छन् ।'

यस छलफलबारे चिनियाँ राज्य सञ्चालित समाचार संस्था सिन्ह्वाले दुई पक्षले 'व्यावहारिक र रचनात्मक कुराकानीलाई सोहार्द्रपूर्ण वातावरणमा आदान-प्रदान गरेका बताएको छ । वार्तामा दुवै पक्षले आफ्नो मुख्य चिन्ता व्यक्त गरेका र परामर्शद्वारा एकअर्काको वैध चिन्ताहरू समाधान गर्न सहमत भएका सिन्ह्वाले बताएको छ ।

शुक्रबारको छलफल 'संयुक्त राज्य अमेरिका र चीनको लागि जिम्मेवाररूपमा व्यवस्थापन गरिएको व्यापारिक सम्बन्ध निर्माण गर्ने प्रतिबद्धता गर्ने अवसर रहेको एक अमेरिकी अधिकारीले नाम उल्लेख नगर्ने शर्तमा बताए ।

चिनियाँ पक्षको 'गैर-बजार नीति र अभ्यास'ले अमेरिकी श्रमिक, किसान र व्यवसायलाई हानि पुर्‍याएको अमेरिकी बुझाई रहेको ताईको भनाइ छ । बाइडेन प्रशासनका अनुसार राष्ट्रिय कम्पनीहरूका लागि चीनले आफ्ना उद्यमीहरूलाई उपलब्ध गराएको बृहत् सरकारी अनुदान, बौद्धिक सम्पत्ति चोरी र अन्य कारकहरूले व्यापारिक जगतमा अत्यधिक असमानता पैदा गरेको देखिएको छ ।

वासिङ्टनले 'अन्यायपूर्ण' ठानेका व्यापारिक अभ्यासलाई उद्धृत गर्दै सन् २०१८ मा ३७० अर्ब डलर मूल्यका चिनियाँ उत्पादनमा कर लगाउने निर्णय तत्कालिन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गरेका थिए । तर धेरै अमेरिकी कम्पनीहरूले ट्रम्प प्रशासनको उक्त कदमले लागत बढाएको भन्दै थप कर लिने निर्णयको विरोध गरेका थिए ।

यसै वर्षको जनवरीमा कार्यभार सम्हालेका बाइडेनले ताईलाई चीनप्रति अमेरिकी व्यापार रणनीति र ट्रम्पले सुरु गरेको करको विस्तृत समीक्षा गर्न आग्रह गरेका छन् । यस हप्ता ताईले 'लक्षित शुल्क रोक्ने प्रक्रिया' को थालनी गर्ने घोषणा गरेका थिए ।


## कतारमा रोजगारको अवसर ।

१. कम्पनी : S B A Transportation — शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७८/०६/२२ — चलानी नं.: ६०१६४९७८ — LT. No.: 247022

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Machine Operator | 2 | 0 | स. काममा दक्ष | 1900 | ६२,२६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : DREAM HOUSE CONTRACTING & TRADE — शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७८/०६/२२ — चलानी नं.: ६०१६४९७७ — LT. No.: 247243

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ५५,७०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Plaster Worker | 2 | 0 | | 1100 | ३६,०४७ | | | | | | | |
| 3. | Building Worker | 2 | 0 | | 1100 | ३६,०४७ | | | | | | | |
| 4. | Labourer | 2 | 0 | | 1000 | ३२,७७० | | | | | | | |
| 5. | Representative | 1 | 0 | | 2500 | ८१,९२५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ असोज ३१ गते (17 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

इजाजत नं. ९२७/०६७/०६८

**सक्षम ह्युमन रिसोर्सेज प्रा.लि.**

३०५/२५ एशोर्य मार्ग, कोटेश्वर-३५, काठमाडौं ,नेपाल, फोनः 01-5100754,
Email: excelnp1@gmail.com, sakshamhr@gmail.com/ Website: www.shrnepal.com


# कंगोमा डुंगा दुर्घटनामा परी एक सय बढीको मृत्यु



**काठमाडौं/एजेन्सी–** डेमोक्रेटिक रिपब्लिक अफ कंगोमा डुंगा दुर्घटनामा परी १०० भन्दाबढी मानिसहरूको मृत्यु भएको वा बेपत्ता भएको अधिकारीहरूले शनिबार बताएका छन् । कंगोमा भइरहने सामुद्रिक दुर्घटनाको यो पछिल्लो शृंखला थियो । त्यहाँका मानिसहरू देशकै ठूलो कंगो नदीमा असुरक्षित यात्रा गर्न बाध्य छन् ।

उत्तर पश्चिमी प्रान्त मोंगलाका गभर्नरका प्रवक्ता नेस्टर मग्बाडोले एएफपीलाई जनाएअनुसार सोमबारदेखि मंगलबार रातिसम्म उक्त दुर्घटनामा हराइरहेका ६१ जानको शव निकालिएको छ भने अन्य ६० जना अझै बेपत्ता रहेको विश्वास गरिएको छ । उक्त दुर्घटनामा ३९ जना यात्रुहरू भने जीवित रहेका छन् ।

यात्रुको यकिन संख्या भने जानकारी आइसकेको छैन । यो संख्या भने डुंगाको क्षमताको आधारमा गरिएको अनुमान मात्र हो । यो एक प्रकारको परम्पारागतरूपमा बनाइएको काठको डुंगा हो । प्रवक्ताका अनुसार उक्त दुर्घटना रात्रीको समयमा खराब मौसम वा अत्यधिक यात्रुहरूको चापका कारण भएको हुन सक्छ ।

पीडितहरुमा प्रायः प्रान्तीय राजधानी बुम्बामा यात्रा गर्ने फेरीवाला र विद्यार्थीहरु रहेका छन् । प्रवक्ता मग्बाडोले उक्त घटनाको थप अध्ययन र उद्धार कार्य जारि रहेको बताएका छन् ।


## Invitation for Sealed Quotations

**Katahari Rural Municipality**

**Office of the Rural Municipal Executive**

Katahari, Morang

Invitation for Quotations for the **Construction of Works mentioned below in the table.**

**Date of publication: 2078/06/24**

1. *Katahari Rural Municipality* invites **Sealed Quotations** from Nepalese eligible bidders for the construction of ***Works mentioned below in the table.*** The estimated amount for the works are mentioned below in the table.
2. Eligible Bidders may obtain further information and inspect the Bidding document at the office of ***Katahari Rural Municipality, Katahari, Morang or through email at kataharigaupalika@gmail.com.***
3. A complete set of bidding documents may be purchased from the office ***of Katahari Rural Municipality, Katahari, Morang*** by eligible bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of ***Rs. 1000*** till ***2078/07/07*** during office hours.
4. Sealed bids must be submitted to the office Katahari Rural Municipality, ***Katahari, Morang by hand on or before 12.00 pm on 2078/07/08.*** *Bids received after this deadline will be rejected.*
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2.00 pm, 2078/07/08*** at the office of **Katahari Rural Municipality, Katahari, Morang.** Bids must be valid for a period of ***45 days*** after bid opening and must be accompanied by a bid security amounting to a amount specified in the table below which shall be valid for ***30 days*** beyond the validity period of the bid.
6. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in deposit **Account no. 2190100303000002** of office **of Katahari Rural Municipality Morang** at **Rastriya Banijya Bank Limited, Katahari Branch** and submit bank deposit voucher along with the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

| Contract Id | Description of Work | Estimated Amount (Excluding VAT) | Bid Security Amount | Cost of bidding document(Rs.) |
|---|---|---|---|---|
| KRM/SQ/ 12/2078-79 | Arpanko Ghardekhi Jayramko Gharsamma Kalopatre, Katahari-03 | 1720374.00 | 48500 | 1000 |
| KRM/SQ/ 13/2078-79 | Paini Tole Sadak Kalopatre, Katahari-05 | 1720374.01 | 48500 | 1000 |
| KRM/SQ/ 14/2078-79 | Urawn Tole hudai Lengra Chowk Jane Sadak Kalopatre, Katahari-05 | 1720374.01 | 48500 | 1000 |
| KRM/SQ/ 15/2078-79 | Star Chowk dekhi Thalaha Jodne Sadak Kalopatre, Katahari-07 | 1720247.35 | 48500 | 1000 |

**Chief Administrative Officer**



## कतारमा रोजगार ।

कम्पनी: AL BDYL AL-NAJIH TRADING & CONTRACTING — शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०६/२२ — चलानी नं.: ६०१६५०६९ — LT. No.: 247913

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 12 | 0 | स. काममा दक्ष | 1000 | ३२,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज ३१ गते (17 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।


**OMEGA POWER MINDS PVT.LTD.** Govt. Lic. No. 1178/073/074

साबिक: Taiba Rise Management PVT.LTD

Omnagar-9, Sinamangal, Kathmandu, Tel.: 01-4111316. Email:taiba.rise@gmail.com

## साउदीमा रोजगार ।

कम्पनी : AL REEM FIRST RESTAURANT — शहर: DAMMAM

स्वीकृत मितिः२०७८/०६/२२ — चलानी नं.: ६०१६५०७५ — L.T. No.: 247726

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज ३१ गते (17 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | रु. १०,०००/- रोजगार दाताले |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।


श्रम इजाजत नं. १५२९/०७७/०७८

**PRATIGYA OVERSEAS PVT. LTD.**

P.O.Box No.:5650, Address:Battisputali-09 Gausala, Kathmandu
Email: overseaspratigya@gmail.com | Tel: 01-4479481, 4486459
Mob: 9823366480, 9801069217 | Website: www.pratigyaoverseas.com

## साउदीमा रोजगार ।

१. कम्पनी: RASHID AHMED MAQBOOL HAKAMI FOUNDATION FOR SERVING MEALS — शहर: Riyadh

पुर्व स्वीकृत मितिः २०७८/०६/२२ — चलानी नं.: ६०१६५०८२ — L.T. No.: 247944

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ३८,१९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: TAMAM MOZA FOUNDATION FOR MAINTENANCE AND CLEANING — शहर: Riyadh

पुर्व स्वीकृत मितिः २०७८/०६/२२ — चलानी नं.: ६०१६५०८४ — L.T. No.: 247727

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 4 | 0 | स. काममा दक्ष | 1200 | ३८,१९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: NAYEF ABDULLAH AWAD AL SHEHRI CAR SERVICES EST. — शहर: ABHA

पुर्व स्वीकृत मितिः २०७८/०६/२२ — चलानी नं.: ६०१६५०८३ — L.T. No.: 247943

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laborer | 2 | 0 | स. काममा दक्ष | 1200 | ३८,१९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: MAHASIN ALI BIN MANSOUR AL SHARMAN FACTORY FOR INDUSTRY — शहर: NAJRAN

पुर्व स्वीकृत मितिः २०७८/०६/२२ — चलानी नं.: ६०१६५०८५ — L.T. No.: 247942

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pan road machinery driver | 3 | 0 | स. काममा दक्ष | 1800 | ५७,४३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी: AWTAD TRANSPORT COMPANY — शहर: ABHA

पुर्व स्वीकृत मितिः २०७८/०६/२२ — चलानी नं.: ६०१६५०८६ — L.T. No.: 247941

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 15 | 0 | स. काममा दक्ष | 1800 | ५७,४३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

६. कम्पनी: PIZZA WAY FOUNDATION TO SERVE MEALS — शहर: JEDDAH

पुर्व स्वीकृत मितिः २०७८/०६/२२ — चलानी नं.: ६०१६५०८८ — L.T. No.: 247766

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४४,६७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Kitchen Worker | 1 | 0 | | 1200 | ३८,१९२ | | | | | | | |
| 3. | Restaurant Labor | 2 | 0 | | 1200 | ३८,१९२ | | | | | | | |

७. कम्पनी: NORTHERN MOUNTAINS CONTRACTING EST — शहर: HAIL

पुर्व स्वीकृत मितिः २०७८/०६/२२ — चलानी नं.: ६०१६५०८७ — L.T. No.: 247767

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electricity technician | 3 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ७९,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labor | 4 | 0 | | 1000 | ३१,९१० | | | | | | | |
| 3. | Car Driver Public | 4 | 0 | | 1800 | ५७,४३८ | | | | | | | |

८. कम्पनी: Hazaa Mohammed Al Hajri Contracting Est — शहर: ALKHOBAR

पुर्व स्वीकृत मितिः २०७८/०६/२२ — चलानी नं.: ६०१६५०९१ — L.T. No.: 247696

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ५७,४३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

९. कम्पनी: MUSHROOM AND PIE RESTAURANTS TO SERVE MEALS — शहर: MADINAH

पुर्व स्वीकृत मितिः २०७८/०६/२२ — चलानी नं.: ६०१६५०९० — L.T. No.: 247763

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Main waiter | 2 | 0 | स. काममा दक्ष | 1400 | ४४,६७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

१०. कम्पनी: SHARIFA ALI SUNNY AL-ZUBAIDI CAFE TO SERVE DRINKS — शहर: Riyadh

पुर्व स्वीकृत मितिः २०७८/०६/२२ — चलानी नं.: ६०१६५०९२ — L.T. No.: 247611

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee, Tea and Other Maker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४७,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Beverage Juice Maker | 1 | 0 | | 1500 | ४७,८६५ | | | | | | | |

## ओमानमा रोजगार ।

११. कम्पनी: AL THAWQ ALALI AL MUTAMYIZ — शहर: NIZWA

पुर्व स्वीकृत मितिः २०७८/०६/२२ — चलानी नं.: ६०१६५०८९ — L.T. No.: 247834

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef | 1 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ४६,७६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | ARABIC FOOD CHEF | 1 | 0 | | 150 | ४६,७६१ | | | | | | | |
| 3. | Coffee Shop Waiter | 1 | 0 | | 140 | ४३,६४३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज ३१ गते (17 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ नि:शुल्क अन्य रु. १०,०००/- कामदारले तिर्ने |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।


**अल-जाफर ईन्टरनेशनल प्रा. लि.**

श्रम इजाजत पत्र नं: ३१८/०५१/०६०

सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोन: ४३९०२२२

Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com

# बक्स अफिस समाचार

# ‘हामी आयातित विषयवस्तुमा चलचित्र बनाउँदैनौं’

भिन्न विषयवस्तुमा चलचित्र बनाउँदै आइरहेका निर्माता हुन् गुणराज राजभण्डारी । विगत डेढ दशकदेखि निरन्तर चलचित्र निर्माणमा सक्रिय गुणराज राजभण्डारीद्वारा निर्मित पछिल्लो चलचित्र ‘वीर योद्धा’ केही दिन पहिले डिजिटल प्लेटफर्ममार्फत प्रदर्शनमा आएको छ । ‘कालापानी’ र ‘आगो २’ निर्माण गरिसकेका गुणराज आगामी तिहार लगतै नयाँ चलचित्र निर्माणको तयारीमा जुटेका छन् । उनले राष्ट्रिय प्रजातन्त्र पार्टीका युवा संगठनका केन्द्रीय कोषाध्यक्षको रुपमा काम गरिसकेका छन् भने हाल युवा संगठनको केन्द्रीय कार्यकारिणी सदस्यको रुपमा सक्रिय भएर काम गरिरहेका छन् । आफुलाई देश र जनताको सिपाही सम्झी देशको स्वाधिनता र स्वाभिमानप्रति अत्यन्तै चिन्तित भएर जनताको कथामा चलचित्र बनाउँदै आइरहेका निर्माता गुणराज राजभण्डारीले मध्यान्ह दैनिकका लागि सानु श्रेष्ठसँग गरिएको संक्षिप्त कुराकानी :

**नयाँ के गर्दै हुनुहुन्छ ?**

केही दिन पहिलेमात्र हामीले ‘वीर योद्धा’ भन्ने चलचित्र डिसहोमबाट रिलिज गरेका छौं, दर्शकहरुको सन्तोषजनक माया पाइरहेका छौं । गत साल दशैं राम्रोसँग मनाउन पाइएन । यतिबेला दशैंको माहोल भएकाले अरु काम थाँति राखेर दशैंको तयारीमा जुटेका छौं । तिहार पछाडिबाट नयाँ प्रोजेक्ट शुरु गरौं कि भनेर त्यसको गृहकार्यमा पनि सक्रिय छौं ।

**‘वीर योद्धा’लाई सेन्सरले दुःख दिएको भन्ने सुनिएको थियो नि ?**

हाम्रो टिमले निर्माण गर्ने चलचित्रहरु राष्ट्रवादी हुने गर्छ । यस्ता राष्ट्रवादी, जनताका आवाज बोल्ने चलचित्रहरुलाई सेन्सर बोर्डले दुःख नदिँदा राम्रो हुन्छ । यस्ता चलचित्रलाई राज्यले प्रोत्साहन पो गर्नुपर्छ ।

**‘वीर योद्धा’मा के छ र त्यस्तो ?**

यसमा २०६२ सालको आन्दोलनलाई मुख्य विषय बनाइएको छ । हामीले निर्माण गर्ने चलचित्रले आम जनताको आवाज प्रस्फुटन गर्ने गरेको छ । यस चलचित्रले पनि देश र जनताको प्रतिनिधित्व गरेको छ र नेताहरुले जनताप्रति गरेको ढाँट प्रवृत्तिको उठान ‘वीर योद्धा’ले गरेको कारण पनि एकथरिलाई आपच्य भएको हुन सक्छ ।

**देशभक्ति चलचित्र ‘कालापानी’ले पनि व्यावसायिकरूपमा सफलता पाएन नि होइन ?**

चलचित्रको निश्चित दायरा हुन्छ । मनोरञ्जनको लागि मात्र बन्ने चलचित्र र समाजको आवाज अनि देशको माटोलाई समेटेर बनेका चलचित्रका दर्शक नै सफर हुन्छन् । साढे दुई घण्टा हलमा चलचित्र हेरेर बाहिर निस्कनासाथ चलचित्रले के भन्न खोजेको हो भन्ने कुरा दर्शकले बिर्सन्छ भने त्यस्तो चलचित्र हेरेर समय खेरमात्र हुन्छ । त्यसैले चलचित्र मनोरञ्जनको साधनमात्र नभएर समाजमा परिवर्तन ल्याउन मद्दत हुने खालको बन्नुपर्छ ।



गुणराज राजभण्डारी, निर्माता

हामीले निर्माण गर्ने चलचित्रले समाजमा आवाज दबेकाहरुको आवाज बोल्ने खालको हुने गर्छ । सबै कुरा व्यापारिक दृष्टिकोणले मात्र गर्न थालियो भने त कुनै दिन आफ्नो अस्तित्व समाप्त भएको पनि पत्तो हुँदैन ।

**राष्ट्रवादी चलचित्रलाई राज्यले हेर्ने दृष्टि फरक हो ?**

हामी आयातित विषयवस्तुमा चलचित्र बनाउँदैनौं, आफ्नै माटोमा घटित वास्तविक घटनालाई उठान गर्छौं । यस्तो विषयवस्तुमा चलचित्र बनाउँदा राज्यले सहयोग गर्नुपर्ने ठाउँमा उल्टै विभिन्न अड्चन पैदा गरेर दुःख दिने अनुभव हामीले गरेका छौं । जस्तै आगो, दशगजा, कालापानी चलचित्रको प्रदर्शनलाई लिएर भएको विवादलाई उदाहरणको रुपमा लिन सकिन्छ । यसमा म के भन्छु भने सेन्सर बोर्डको अदुरदर्शिता र चलचित्रलाई हेर्ने परम्परागत दृष्टिकोणले राष्ट्रवादी धारका चलचित्र धेरैपटक सेन्सर बोर्डको सिकार हुन पुगेको छ ।

**फरक विषयमा चलचित्र बनाउनुको कारण ?**

माथि पनि भनिसकें, चलचित्र व्यापारमात्र होइन । हामी चलचित्रमार्फत देशमा भएको राजनैतिक भ्रष्टाचार, विकृती, विसंगतीलाई उजागर गर्ने र आम नागरिकहरुको पनि प्रतिनिधित्व हुने भएको हुनाले अलि फरक विषयवस्तु छान्ने गरेका छौं । अब निर्माण गरिने चलचित्रको विषयवस्तु पनि देशकाल सुहाउँदो नै हुनेछ ।

**हलहरू खुल्ने अवस्थामा रहेको बेला चलचित्र डिजिटल प्लेटफर्ममार्फत सार्वजनिक गर्नुको कारण ?**

सिनेमा हलहरु खुल्ने कुरा एकदमै राम्रो हो । हलमा चलचित्र हेर्न दर्शकहरु जानु हुन्छ कि हुन्न सवाल यो हो । समय अनुसार परिमार्जित हुँदै जानु पर्छ । अहिले डिजिटल प्लेटफर्ममा चलचित्र प्रदर्शन गर्दा राम्रा चलचित्रले व्यावसायिक सफलता पाएको हामीले बुझेका छौं, त्यसैले चलचित्र डिजिटल प्लेटफर्मबाट रिलिज गरेको हौं ।

**अन्त्यमा केही भन्न चाहनु हुन्छ ?**

नेपाली चलचित्र क्षेत्रको विकासमा राज्यले चासो नदिएको अवस्था छ । व्यक्तिको ठुलो लगानी यो क्षेत्रमा लागेको छ, एउटा निर्माताले स्पटव्वायदेखि हल मालिकसम्मलाई रोजगारी दिएको हुन्छ । राज्यलाई कर तिरेको हुन्छ । तर निर्माताको लगानीको कतैबाट सुरक्षित गर्ने निकाय छैन । उद्योग भनिएको छ तर बैंकिङ कारोबार सुन्य छ । उद्योग भएपछि त बैंकले चलचित्र निर्माणका लागि ऋण दिनुपर्ने हो नि, त्यो हुन सकिरहेको छैन । हामी जस्तो राष्ट्रवादी चलचित्र बनाउनेहरु सधैं संकटमा परिरहेका हुन्छौं । यसतर्फ पनि सम्बन्धित निकायको ध्यान जान जरुरी छ । बडादशैंको सबैमा शुभकामना ।

## शिव परियारको ‘पिउन शुरु गरेपछि’



काठमाडौं/मस- गायन क्षेत्रमा चर्चित एवं अब्बल गायकको रूपमा चिनिन्छन् शिव परियार । गायक परियारका अधिकांश गीत दर्शक-श्रोताले मन पराएका छन् । पछिल्लो समय गायक परियारको ‘पिउँदिन भन्दा भन्दै पिलायो साथीले’को अपार सफलता पछि शिव परियारको गायनमा पिउने र पिलाउने शृङ्खलाको फेरी अर्को गीत ‘पिउन सुरु गरेपछि होस पनि त कहाँ हुन्छ’ भन्ने बोल सहित इम्प्रेशन इन्टरटेनमेन्टले बजारमा ल्याएको छ ।

सोही गीतमा मनोरञ्जन उद्योगका सिद्ध हस्त नृत्य निर्देशक कविराज गहतराज र छायाङ्कन हरि हुमागाईंको संलग्नतामा अत्यन्त भव्यताका साथ क्लब प्लायाटिनममा गीतको छायाङ्कनको दृष्य देखाइएको छ । यस गीतमा नेपाली चलचित्रका लोकप्रिय नायक, पुष्प खड्काका साथमा टिकटक स्टार्स अञ्जलि लुइँटेल र आलिया अधिकारीको धमाकेदार डेब्यु प्रस्तुति रहेको छ ।

मिडिया हब प्रा. लि. बाट पहिलो म्युजिक भिडियोको रूपमा रिलिज गरिएको यो गितले यसपालिको चाडबाडलाई अझ रोमाञ्चक बनाउने निश्चित छ ।

महान् चाडं वडा दशैँको माहोललाई ध्यानमा राखेर खाने पिउने सम्बन्धी गीत भएको गायक परियारले जानकारी दिएका छन् । उनले दर्शकको माया र आशिर्वादकै कारण यस गीतलाई लामो समयको प्रयास पछि बजारमा ल्याइएको बताए ।


**काठ लिलाम बिक्री सम्बन्धी २१ दिने सूचना**

प्रथम पटक प्रकाशित मिति २०७८/६/२४

यस सा.व.स. बाट संकलित साल गोलिया काठ १०२६.४८ क्युफिट विक्री गर्नुपरेकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि यस समूहमा सम्पर्क राख्न सकिनेछ ।

चौकीडाँडा सामुदायिक वन उपभोक्ता समूह, देवघाट ५, तनहुँ

**काठ लिलाम बिक्री सम्बन्धी २१ दिने सूचना**

प्रथम पटक प्रकाशित मिति २०७८/६/२४

यस सा.व.स. बाट संकलित खयर काठ १११३.४२ क्युफिट (स्यापउड सहित) विक्री गर्नुपरेकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि यस समूहमा सम्पर्क राख्न सकिनेछ ।

सिसरामण्डली सामुदायिक वन उपभोक्ता समूह, ऋषिङ ४, तनहुँ

**डिभिजन वन कार्यालय, उदयपुर, गाईघाटको काठ लिलाम बिक्री सम्बन्धी सूचना**

प्रकाशित मितिः २०७८।०६।२४

यस कार्यालयबाट आ.व. २०७६/०७७ मा वनपेशी र आ.व. २०७७/०७८ मा म्याद थप भई वेलकातरी रा.व. क्षेत्रबाट ढलापडा रुखहरु कटान, मुछान गरी उत्पादन भई हाल रामपुर सब.डि.व.का.,अन्तर्गत खुरहुरियाचौरीमा घाटगद्दी रहेको लट नं. २३ देखि ३३ सम्मको साल जातको गोलिया थान ६८६ को ६०९६.१९ क्यू.फि. काठ र लट नं. ३४ को मिश्रित दाउरा ६ चट्टा, वन मुद्दामा बरामद भएका लट नं. ३५ को साल गोलिया थान १४ को १५५.५३ क्यू.फि. र लट नं. ३६ को साल गोलिया थान ७१ को ४०४.७५ क्यू.फि. काठ साथै गाईघाट दिक्तेल सडक योजना निर्माणको क्रममा कटान भई उत्पादन भएका लट नं. ३७ को साल जातको गोलिया थान ९६ को ५४२.९७ क्यु.फि. र अन्य जातको गोलिया थान ३५ को २५६.५४ क्यू.फि. र लट नं. ३८ को मिश्रित दाउरा १.५ चट्टा शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्न सूचना प्रकाशित गर्ने निर्णय भएकोले वन पैदावारको कारोवार गर्ने उद्देश्यले दर्ता भई रितपुर्वकको फर्म दर्ताको प्रमाणपत्र, स्थायी लेखा नं.(PAN) वा मुल्य अभिबृद्दि कर (VAT) दर्ताको प्रमाणपत्र र कर चुक्ताको प्रमाणपत्र भएका ईच्छुक काष्ठ व्यवसायी, फर्म वा कम्पनीले यो सूचना पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र वन निर्देशनालय, धरान, सुनसरी, वन तथा भू-संरक्षण विभाग, बबरमहल, काठमाण्डौ र यस कार्यालयबाट प्रत्येक लटको अलग-अलग बोलपत्र खरीद गरी लट अनुसार अलग-अलग बोलपत्र तथा अन्य आवश्यक कागजातहरु शिलबन्दी गरी दाखिला गर्नहुन आह्वान गरिन्छ । विस्तृत जानकारीको लागि यस कार्यालयको सूचनापाटी तथा वेभसाईट www.dfoudayapur.gov.np मा हेर्न सकिनेछ र टे.फो. ०३५-४२०१३४ मा समेत सम्पर्क राख्न सकिनेछ ।

**खैरहनी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
खैरहनी, चितवन
बागमती प्रदेश

**बोलपत्र स्वीकृत गर्ने आसयको सूचना**

सूचना प्रकाशित मितिः २०७८/०६/२४

प्रस्तुत बिषयमा यस कार्यालयबाट २०७८/०२/०४ मा नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित सुचना अनुसार यस नगरपलिकाको वडा नं.- ६ स्थित Construction Of 15 Bed khairahani Municipality Hospital निर्माण गर्न आव्हान गरिएको २०७८ साल असोज १४ मा खो लिएका आर्थिक प्रस्ताब पेश गर्ने बोलपत्रहरु मध्य न्यूनतम मूल्यांकित सारभुतरुपमा प्रभावग्राही दाेखिन आएको निम्न बोलपत्रदाताको बो लपत्र स्वीकृतीको लागि छनौटभएको हुँदा सार्बजनिक खरीद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनका लागि यो सूचना सम्बन्धीत सबै बो लपत्रदाताहरुलाई जानकारीका लागि प्रकाशित गरिएको छ ।

| क्र.सं. | बोलपत्र नं. | छनौट भएको बोलपत्रदाता | कबोल रकम ने. रू.(भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १. | 030/MF/CHT-KMun/ NCB/2077-078 | M/S Ashish-G.S Engineering J/V Bharatpur-10,Chitwan | NRs. 87,270,289.11 | |

**Khairahani Municipality**
**Office of Municipal Executive**
Khairahani, Chitwan, Bagmati Province
Nepal

**INVITATION FOR BIDS**

First Date of Publication: 2078/06/24 (10th October 2021)

1. The Khairahani Municipality invites only electronic bids from Neplese eligible bidders for the **Supply and delivery of medicine** under National Competitive Bidding procedures. The estimated amount(Excluding VAT and Contingencies) for the good is given in the table below..
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office **Khairahani Municipality, Office of Municipal Executive, Chitwan, Ph No: 056-583709, website :-khairahani-mun.gov.np** or may visit PPMO website www.bolpatra.gov.np.

| S.N | Contract ID | Name Of Project | Address | Estimated amount(excluding Vat And Contingencies) | Bid Security amount (Nrs) |
|---|---|---|---|---|---|
| 1 | 007/MF/CHT-kmun/NCB/Good/2078-2079 | **The Supply and delivery of medicine** | Khairahani Municipality | 22,71,018.57 | 70,000 |

**साउदीमा रोजगार** | कम्पनीः SIXTY-SIX CUPS TO SERVE DRINKS शहरः AL-RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०६/२२ चलानी नं.: ६०१६५०८१ LT. No.: 247983

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food Service Supervisor | 2 | 0 | सम्बन्धित काममा दक्ष | 3200 | १०२,११२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook | 11 | 0 | | 2200 | ७०,२०२ | | | | | | | |
| 3. | Waiter | 5 | 0 | | 1900 | ६०,६२९ | | | | | | | |
| 4. | Worker | 1 | 0 | | 1900 | ६०,६२९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज ३१ गते (17 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ५१३/०६१/०६२

**हेराल्ड ईन्टरनेशनल प्रा. लि.**

पो.ब.नं. १६१, नयाँबानेश्वर, काठमाडौं, फोनः ४४७५३३९, ४४६८६९७, ४४७६६०३

**साउदीमा रोजगार** | कम्पनीः ABDULLAH ALI AL-RUWAI SONS GENERAL CONTRACTIN CO. शहरः TAROUT

पूर्व स्वीकृत मितिः २०७८/०६/१२ चलानी नं.: ६०१६५००३ L.T. No.: 246770

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 10 | 0 | स. काममा दक्ष | 1000 | ३१,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७८ कार्तिक ५ गते (22 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**PERFECT DESTINATION PVT. LTD.**

Govt. License No: 941/067/068

Kupondole -10, Lalitpur, Nepal Tel 01-5260998, 5261014 | Fax 01-5261021

Email: perfect.destination2011@gmail.com, info@perfectdestination.com.np

**साउदीमा रोजगारको अवसर** | १. कम्पनीः THE GOLD SERVICE LAUNDRY शहरः SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०६/२२ चलानी नं.: ६०१६५०६६ LT. No.: 247589

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Washing And Iron Labor | 1 | 0 | स. काममा दक्ष | 1200 | ३८,२९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः ALIAH AL JOUFI TRANSPORTION EST शहरः SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०६/२२ चलानी नं.: ६०१६५०६७ LT. No.: 248011

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 4 | 0 | स. काममा दक्ष | 2200 | ७०,२०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनीः FAISAL THAMER AL OTIBIE GENERAL CONTRACTING EST. शहरः SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०६/२२ चलानी नं.: ६०१६५०६८ LT. No.: 248012

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Common Labour | 24 | 0 | स. काममा दक्ष | 1000 | ३१,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ असोज ३१ गते (16 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ ।५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**अल मून ओभरसिज प्रा. लि.**

श्रम इजाजत नं. ९९२/०६८/०६९

बसुन्धरा-०९, धापासी, काठमाडौं, नेपाल, फोनः ४३८९७१९, फ्याक्सः ४३८९७१८

गो.हु.का.द.नं. ३३/०६९/०७०





कुनैपनि देशको अर्थतन्त्रमा निजी क्षेत्र मेरुदण्डको रुपमा रहेको हुन्छ । निजी क्षेत्र बिना सरकार एक्लैले सबै काम गर्न सम्भव छैन् । नेपालको निजी क्षेत्रमा करिब ८० प्रतिशत लघु, घरेलु, साना तथा मझौला उद्योग छन् । पछिल्लो दुई वर्ष कोभिड महामारीका कारण यो क्षेत्र सबैभन्दा धेरै प्रभावित भयो । कोभिडपछि व्यवसाय निरन्तरताका लागि सरकारले दिएको सुविधा लघुघरेलु क्षेत्रले उपभोग गर्न पाएको छैन् । यिनै विषयमा केन्द्रित रहेर मध्यान्ह दैनिकका लागि **चिरन भट्टराई**ले नेपाल घरेलु तथा साना उद्योग महासंघका वस्तुगत उपाध्यक्ष **मोहन कटुवाल**सँग गरेको कुराकानीको सम्पादित अंश :

# ‘देशलाई आत्मनिर्भर बनाउन निजी क्षेत्र तत्पर छ’

**मोहन कटुवाल**
वस्तुगत उपाध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासंघ

**कोभिड महामारीका कारण साना मझौला क्षेत्रमा कस्तो असर परेको छ ?**

निजी क्षेत्र देशको अर्थतन्त्रको मेरुदण्ड हो । नेपालको निजी क्षेत्रमा करिब ८० प्रतिशत साना, मझौला तथा घरेलु उद्योगहरु छन् । त्यसैले कोभिडको कारण साना मझौला तथा घरेलु उद्योगहरुमा धेरै ठूलो असर परेको छ । यस्तो असर नेपालमा मात्रै नभएर विश्वमै परेको छ । विश्व बजारमा परेको असरको प्रभाव नेपालमा पनि पर्ने नै भयो । दुई चरणको कोभिडका कारण हाम्रा धेरै उद्यमी व्यवसायीले ज्यान गुमाउनु परेको छ । त्यो सबैभन्दा ठूलो अपुरणीय क्षति हो । त्यसबाहेक लकडाउन र निषेधाज्ञाको कारण उद्योग र व्यापार व्यवसाय सहज रुपमा सूचारु हुन नसक्दा साना मझौला तथा घरेलु उद्योगहरु निकै प्रभावित भए ।

यद्यपी उपभोक्ताले दैनिक उपभोग गर्ने अत्यावश्यक वस्तुहरु उत्पादन गर्ने र उपभोक्तासम्म पुऱ्याउने कुरामा लघु, घरेलु क्षेत्र नै अग्रस्थानमा बसेर काम गरेको देखियो । तरपनि यो अवधिभर सहज रुपमा व्यवसाय सूचारु गर्न सकेनौं, उत्पादन भएको धेरै वस्तु बजार पुऱ्याउन सकेनौं, बिक्री भएको वस्तुको रकम उठाउन सक्ने अवस्था थिएन र देश बाहिर निर्यात गर्नुपर्ने वस्तु पनि उत्पादन हुन सकेन ।

**कोभिडकालमा ठूलो संख्यामा रोजगारी गुमेको भनिन्छ । लघु, घरेलु क्षेत्रको स्थिति के छ ?**

लघु, घरेलु तथा साना उद्योग क्षेत्रमा मात्रै प्रत्यक्ष रुपमा २६ लाख भन्दा बढीले रोजगारी पाएका थिए । अहिले धेरैको रोजगारी गुमेको छ । वर्षौंदेखि काम गर्दै आएका कर्मचारीलाई टिकाईराख्नुपर्ने बाध्यात्मक अवस्थामा हामी रहयौं । घरभाडा, बैंक किस्ता र ब्याज तिर्नुपर्ने बाध्यत्मक अवस्थाले पनि असर परेको छ । कतिपय उद्योगीहरुले कच्चापदार्थ मौज्दात रोखेका थिए । तर त्यसलाई समयमै उत्पादनमा जोडन नपाउँदा विग्रिएको छ । कतिपय सामानहरु बजारमा पुऱ्याउन नसक्दा नष्ट भयो । यस्ता विषयहरुले लघु, घरेलु तथा साना उद्योगको क्षेत्रमा निकै ठूलो क्षति पुगेको छ ।

**सरकारले बजेटमार्फत र राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत उद्योग व्यवसायलाई दिएको सुविधा लघु, घरेलु तथा साना उद्योगहरूले प्राप्त गर्न सकेनन् भन्ने गुनासो सुनिन्छ नी ?**

गत वर्ष बजेटले भन्दा मौद्रिक नीतिले धेरै कुरा समेटेको थियो । हामीले पनि सरकार र राष्ट्र बैंकलाई सुझाव दियौं । त्यहीअनुसार मौद्रिक नीति आयो । तर, दुर्भाग्य त्यसको कार्यान्वयन पक्ष फितलो बन्यो । मौद्रिक नीति आएपछि कार्यविधि बन्दा लघु, घरेलु तथा साना उद्योगलाई अप्ठेरो पर्ने स्थिति देखियो । कार्यविधिमा भएका अधिकांश व्यवस्थाहरु हामीले पुरा गर्न सक्ने अवस्था भएन । मौद्रिक नीतिले दिएको सुविधा उपभोग गर्नका लागि कार्यविधिमा बैंकमार्फत कर्मचारीको भुक्तानी गरेको हुनुपर्ने, नविकरण गरेको हुनुपर्ने, सामाजिक सुरक्षामा आवद्ध भएको हुनुपर्ने लगायतका कुराहरु समावेस भएको थियो । हामीले त्यसलाई मान्नै पऱ्यो । तर सबैले बैंक खाता खोलेको अवस्था थिएन भने सामाजिक सुरक्षामा पनि समावेस भएका थिएनन् । सोही कारण अधिकांश साना उद्योगीहरुले राष्ट्र बैंकले दिएका सुविधा लिन सकेनन् ।

ठूला उद्योगहरुको बैंकमा सहज पहुँच हुन्छ । तर लघु, घरेलु तथा साना उद्योगहरुको पहुँच छैन् । दूरदराजमा सञ्चालित लघु, घरेलु उद्योगहरु वित्तीय रुपमा साक्षर पनि हुँदैनन् । दूरदराजमा राष्ट्र बैंकले निर्देशन गरेका कुराहरुको सूचना पनि पुगेन । जसका कारण धेरै उद्यमीहरु सरकारी सुविधाबाट वञ्चित हुनुपऱ्यो ।

**राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाका शाखालाई सीमा तोकेरै कार्यान्वयन गर्न खोजेको थियो तर तपाइहरूले सुविधा पाएनौं भन्नुहुन्छ ?**

राष्ट्र बैंकले निर्देशन दिएपछि बैंक तथा वित्तीय संस्थाले आफ्ना शाखाहरुलाई टार्गेट पुरा गर्न निर्देशन दिएका थिए । तर बैंकहरु लघु, घरेलु क्षेत्रलाई सानोसानो कर्जा प्रवाह गर्न भन्दा ठूला उद्योगमा लगानी गर्दा झण्झट कम हुने भएकोले हामीलाई ध्यान नदिएको देखियो ।

> आधुनिक प्रविधिको प्रयोग गर्नसक्ने जनशक्ति उत्पादनमा सरकारले ध्यान दिनुपर्छ। हामीसँग भएका जनशक्तिहरु दैनिक रुपमा विदेश पलायन हुने गरेको छ । पछिल्लो समय प्राविधिक शिक्षालाई जोड दिइए पनि हामीले खोजेजस्तो जनशक्ति राज्यबाट उत्पादन भएको छैन् ।



> उद्यमीले पनि गुणस्तरमा खेलवाड गर्ने, अस्वस्थ प्रतिस्पर्धा गर्ने, कृत्रिम अभाव सिर्जना गर्ने र राज्यलाई ठगन खोज्ने काम गर्नुहुँदैन । कोभिडका कारण धेरै पाठ सिक्ने मौका पाएका छौं । राज्यले पनि नारामा मात्र नभएर व्यवहारिक रुपमा निजी क्षेत्रलाई सहयोग गरेमा नेपालको लघु, घरेलु, साना तथा मझौला उद्योगले देशलाई आत्मनिर्भर बनाउन सक्छ ।

साना उद्योगहरुले पनि पहुँचको आधारमा मात्रै सेवा पाउने अवस्था बन्यो । केही उद्यमीहरुले सहुलियत दरको कर्जा पाए । तर धेरैले पाएनन् । त्यसको एउटै कारण लघु, घरेलु उद्यमीहरु वित्तीय रुपमा साक्षर नहुनु र दूरदराजमा सूचना नपुग्नु नै हो । त्यसबाहेक कार्यविधि मै जटिलिता भएका कारण उद्यमीहरु मैद्रिक नीतिबाट पाउने सुविधाबाट वञ्चित भए ।

सामाजिक सुरक्षा कोषमा सहभागि भएकोले मात्रै पाउने भनिएपछि लघु घरेलु तथा साना उद्योगहरु जसले रोजगारी सिर्जना गरेको छ उनीहरुले सुविधा पाउन सकेनन् । जसले स्वदेशी कच्चा पदार्थमा आधारित भएर उत्पादन गर्ने र आन्तरिक मागलाई पूर्ति गर्ने काम गरेका छन् उनीहरुले अहिलेसम्म पनि बजेट र मौद्रिक नीतिले दिएका सुविधाहरु पाएका छैनन् । सानाका नाममा आएका सुविधाहरु ठूलाले लिएको अवस्था छ । त्यसमा हामीले सरकारको ध्यानाकर्षण गराएका छौं ।

**कोभिडको कारण सञ्चालनमा आउन नसकेका उद्योगहरूको तथ्याङ्क के छ ?**

कोभिड महामारीकै कारण अहिलेसम्म १५ प्रतिशत लघु, घरेलु उद्योगहरु आंशिक रुपमा बन्द भएको देखिएको छ । पूर्ण क्षमतामा अझैपनि कुनैपनि उद्योगहरु सञ्चालनमा आएका छैनन् । पछिल्लो समय कच्चा पदार्थमा भएको मूल्यबृद्धिको कारण पनि केही उद्योगहरु सञ्चालनमा आउन सकेका छैनन् ।

हामीलाई आशा छ सरकारले व्यवसाय निरन्तरताका लागि सहयोग गर्ने छ ।

**नेपालको अर्थतन्त्र आयातमूखी छ । केही घरेलु उत्पादन निर्यात हुँदै आएको पनि छ । यसलाई बढाउन के गर्नुपर्छ ?**

हो, वास्तवमा आयातमूखी अर्थतन्त्रलाई निरुत्साहित गर्न र आत्मनिर्भर अर्थतन्त्र बनाउन लघु, घरेलु, साना तथा मझौला उद्योगको निकै ठूलो भूमिका छ । हामीले परनिर्भरता घटाउने हो भने नेपालका लघु घरेलु तथा साना उद्योगको विकास नगरी सम्भव छैन् । त्यसका लागि साना उद्यमीले सजिलैसँग वित्तीय पहुँचमा पुग्ने र ऋण पाउने अवस्था हुनुपर्छ । सम्पत्ति धितो राखेर मात्रै नभई परियोजना धितो राखेर ऋण पाउने स्थिति बन्नुपर्छ । त्यस्तै महिला उद्यमीहरुलाई विशेष प्राथमिकता दिने र सामूहिक लगानीलाई जोड दिने नीति लिनुपर्छ ।

नेपालमा स्वदेशी वस्तुको प्रयोग गर्ने संस्कार छैन् । हामी विदेशी वस्तुको प्रयोगमा रमाइरहेका छौं । नेपाली उत्पादनको गुणस्तर राम्रो हुनुपर्छ भन्ने पनि हो । त्यसका लागि हामीलाई नयाँनयाँ प्रविधिको आवश्यकता छ । अहिले पनि हामी पुरानै प्रविधिमा बसेर काम गरिरहेका छौं । हाम्रो उत्पादन क्षमता कम छ । गुणस्तरमा निखारता ल्याउन सकेका छैनौं । त्यसकारण प्रविधि हस्तान्तरणलाई प्राथमिकता दिनुपऱ्यो ।

**सरकारले प्रविधि हस्तान्तरणको नीति लिएकै छ । अव कस्तो नीति आवश्यक हो ?**

हो, सरकारले प्रविधि हस्तान्तरणको नीति लिएको छ । तर प्रविधि खरिद र जडानका लागि एक लाख रुपैयाँ उपलब्ध गराएर त्यो पर्याप्त छैन् । कम्तिमा पनि ५/६ लाख रुपैयाँ उपलब्ध हुनुपर्छ । प्रविधि सँगसँगै हामीले उत्पादन गरेका वस्तुको बजारीकरणका लागि पनि सरकारले विशेष भूमिका खेल्नुपर्छ । हाम्रा छाता संगठनहरुले आफ्नै तरिकाले काम गरिरहेका छन । तर अन्तर्राष्ट्रिय स्तरमा बजारीकरणका लागि हाम्रा कुटनीतिक नियोगहरुमार्फत कुनकुन देशमा नेपाली वस्तुहरुको राम्रो बजार छ त्यसको पहिचान गरी जानकारी हुनुपर्छ । हामीले हिजो हस्तकला र खाद्य सामग्री बाहिर निर्यात गरेका थियौं भने अहिले आयात गर्नुपर्ने अवस्थामा पुगेका छौं ।

सँगसँगै हामीलाई प्राप्त हुने प्रविधिको प्रयोग गर्नसक्ने जनशक्ति उत्पादनमा पनि सरकारले ध्यान दिनुपर्छ । हामीसँग भएका जनशक्तिहरु दिनदिनै विदेश पलायन हुने भएकाले सहजै काम गर्ने वातावरण छैन् । पछिल्लो समय प्राविधिक शिक्षालाई जोड दिइए पनि हामीले खोजेको जस्तो जनशक्ति राज्यबाट उत्पादन भएको छैन् ।

**साना घरेलु क्षेत्रमा धेरैजसो भारतीय कामदारहरू देखिन्छन् । व्यवसायीहरूले नै नेपालीहरूलाई राख्न चाहँदैनन् ?**

हामीले चाहेर पनि कामदारलाई न्यूनतम सुविधा दिन सकिरहेका छैनौं । त्यसको मूख्य कारण भनेको अस्वस्थ प्रतिस्पर्धा हुनु नै हो । हामीले उत्पादन गर्ने वस्तुहरु आयात गरिदा हामी प्रतिस्पर्धामा जान सक्दैनौं । त्यसले गर्दा कर्मचारीलाई राम्रो सेवा सुविधा दिन नसकिएको हो ।

अर्कोतर्फ हामीले भारतीय कामदारलाई नै बढी प्राथमिकतामा राख्नुपर्ने कारण प्रविधिको ज्ञान नेपालीहरुमा नहुनु नै हो । कुनैपनि नयाँ प्रविधि ल्याउँदा जनशक्तिपनि भारतबाटै ल्याउनुपर्ने बाध्यात्मक अवस्था छ । त्यसैगरी भारतीय कामदार ल्याउँदा उनीहरु निश्चित समयका लागि आउने र काममा कहिले पनि अवरोध नहुने हुन्छ । विभिन्न चाडपर्वमा विदा हुने, कहिलेकाहीं काममा आउन अल्छि गर्ने हुँदा कामले निरन्तरता पाउँदैन । त्यसैले गर्दा भारतीय कामदार प्राथमिकतामा पर्दै आएका हुन् । अर्कोतर्फ नेपालमा श्रम गर्दा नेपालीहरुलाई आफूले गरेको कामबाट सम्मानित नभएको महसुस हुने भएकाले पनि कामदार पाउनै कठिन छ । त्यसैले सबै पेशालाई सम्मानित पेशाको रुपमा स्थापित गर्न आवश्यक छ ।

पछिल्लो समय विदेशबाट ठूलो संख्यामा युवाहरु सीप र पूँजीसहित फर्किएका छन् । अब उनीहरुलाई यहीं केही सुविधा दिएर रोक्न सक्यौं भने भारतीय कामदारलाई विस्तापित गर्ने स्थिति आउँछ ।

**आफूलाई चाहिने दक्ष जनशक्ति उत्पादन गर्नु तपाईँहरूको पनि दायित्व होइन र ?**

पछिल्लो समय हामीले नेपालका ठूला औद्योगिक प्रतिष्ठानहरु सहित विभिन्न पाँचवटा संस्थाले संयुक्त रुपमा ब्रिटिश काउन्सिलको सहयोगमा दक्षता परियोजना सञ्चालन गरेका छौं । अठार करोड लागतको यो परियोजना १४ महिनासम्म चल्ने छ । निजी क्षेत्रले खोजेको जनशक्ति किन उत्पादन भएन भन्ने कुराको पहिचान गरेर सरकारलाई बुझाउने छौं । निर्माण, कृषि र पर्यटन क्षेत्रमा यसको अनुसन्धान भइरहेको छ । यो परियोजनाले कुन क्षेत्रमा कस्तो जनशक्ति आवश्यक छ र हामीले सञ्चालन गर्दै आएको पाठ्यक्रममा के कस्तो सुधार गर्नुपर्छ भन्ने सुझाव दिनेछ ।

**साना उद्योगको विकास र विस्तारका लागि सरकारले के गर्नुपर्छ ?**

नेपालका साना उद्योगहरुलाई ठूला उद्योगहरुमा जोडने काम सरकारले सबैभन्दा पहिला गर्नुपर्छ । किनभने ठूला उद्योगलाई आवश्यक केही कच्चापदार्थहरु साना उद्योगले उत्पादन गर्न सक्छन् । जो अहिले बाहिरबाट आइरहेका छन् ।

त्यसैगरी कृषिलाई आधुनिकिकरण गर्दै उद्योगसँग जोडिदिनु पर्छ । त्यस्तै सरकारले स्वदेशी वस्तु प्रयोग गर्ने नीति ल्याएको छ । १५ प्रतिशत महँगो भएपनि स्वदेशी वस्तु नै प्रयोग गर्ने भन्ने नीतिगत व्यवस्था छ । तर त्यो लागू हुन सकेको छैन् । त्यस्तै एउटै वस्तु उत्पादन गर्ने लघु, घरेलु तथा साना उद्योगहरुलाई एकठाउँमा ल्याएर उत्पादन गराउँदा ठूलो संख्यामा गुणस्तरीय वस्तु उत्पादन हुन्छ । यसतर्फ सरकारको ध्यान जान जरुरी छ । ओद्योगिक ग्रामको व्यवस्था गर्ने, प्रदर्शनी स्थलको व्यवस्था गर्ने काम राज्यले हुनुपर्छ ।

उद्यमीले पनि गुणस्तरमा खेलवाड गर्ने, अस्वस्थ प्रतिस्पर्धा गर्ने, कृत्रिम अभाव सिर्जना गर्ने र राज्यलाई ठग्न खोज्ने काम गर्नुहुँदैन । कोभिडका कारण धेरै पाठ सिक्ने मौका पाएका छौं । राज्यले पनि नारामा मात्र नभएर व्यवहारिक रुपमा निजी क्षेत्रलाई सहयोग गरेमा नेपालको लघु, घरेलु, साना तथा मझौला उद्योगले देशलाई आत्मनिर्भर बनाउन सक्छ ।

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रकः रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादकः **मदनकुमार श्रेष्ठ**